**आज मिति २०७६ साल श्रावण ३० गते बिहिबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौलाज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।**

**निर्णय नं. १ प्राविधिक खटीनु अघि बनेका घरको रेकर्ड संकलन सम्बन्धमा ।**

२०७२ सालको भूकम्पबाट क्षति भई प्राविधिक खटिनु अगाडी बनेका घरको रेकर्ड तथा कागजात सङ्कलनको लागी तपसिल बमोजिम सबै वडामा मिति तोकी प्राविधिक वडा सचीव तथा जन प्रतिनिधीहरुको उपस्थीतीमा गर्ने निर्णय गरीयो ।

**तपसील**

२०७६ साल श्रावण ३१ र ३२ गते वडा नं. ५ महेश्वरी

२०७६ साल भाद्र १ र २ गते वडा नं. ६ ज्यामिरे

२०७६ साल भाद्र ३ र ४ गते वडा नं. ७ माक्पा

२०७६ साल भाद्र ५ र ६ गते वडा नं. ४ जलेश्वरी

२०७६ साल भाद्र ७ र ८ गते वडा नं. १ राखा

२०७६ साल भाद्र ९ र १० गते वडा नं. २ वाकाचोल

२०७६ साल भाद्र ११ र १२ गते वडा नं. ३ ऐसेलुखर्क

**निर्णय नं. २ कार्यक्रम सञ्चालन स्वीकृति सम्बन्धमा ।**

नेपाल इन्भेष्टमेन्ट प्रा.लि. को मिति २०७६/४/२२ गतेको प्राप्त पत्र बमोजिम यस गा.पा. क्षेत्रको सात वटै वडाहरुमा डिजिटल, पेमेन्ट, उर्जा, आवस, जलस्रोत, वित्तिय पहुँच, निर्माण लगायतका अन्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न स्वीकृतिको लागी माग भए बमोजिम छलफल हुँदा उक्त कार्यक्रमहरु गाउँपालिका सँगको सहकार्यमा सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ३ वृत्तचित्र निर्माण सम्बन्धमा ।**

ए वान नेपाली अपडेट प्रा.लि. को यस ऐसेलुखर्क गाउँपालिका को प्रार्कतिक श्रोत तथा सम्पदा तथा सस्कृतिहरुको वृत्तचित्र निर्माण गर्ने प्रस्ताव पेश भएको छ र सो को लागी वृत्तचित्र निर्माण गर्न उक्त प्रा.लि. सँग आ.व. ०७६/७७ को चालु खर्च वृत्तचित्र निर्माण शिर्षक को रु १००००००।- (दश लाख) को सम्झौता गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ राहात सहयोग सम्बन्धमा ।**

२०७६ साल आसाठ २२ देखी श्रावण १० गते सम्मको अविरल वर्षाको कारणले ऐसेलुखर्क जलविद्युत आयोजना र सिन्दुरे ढुगां लघु जलविद्युत आयोजनाको कुलो (नहर) क्षेति भएको हुनाले उक्त आयोजनाहरुलाई तपसील वमोजिमको रकम विपतकोषबाट राहात सहयोग दिने निर्णय गरियो ।

**तपसील**

१. लिदिङ खोला ऐसेलुखर्क लघु जलविद्युत्त आयोजना ऐसेलुखर्क-२ रु १,७५,००० ।-
२. सिन्दुरे ढुङ्गा लघु जलविद्युत्त आयोजना ऐसेलुखर्क-२ रु ५०,०००।-

उक्त रकम आवश्यक प्रकृया पुरा गरी भूक्तानी दिने ।

**निर्णय नं. ५ हटिया व्यवस्थापनको सम्बन्धमा ।**

वडा नं. ३ स्थीत ऐसेलुखर्क बजारमा लाग्ने शनिबारे हटियाको सरसफाई, स्थायी पसलहरुलाई लाग्ने शुल्क उठाउने लगायतका व्यावस्था मिलाउने जिम्मेवारी सम्बन्धीत वडा कार्यालयलाई दिने ।

**आज मिति २०७६ साल भाद्र १५ गते आईतबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौलाज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।**

**निर्णय नं. १**

गाउँ शिक्षा समितिको मिति २०७६ श्रावण २६ गतेका दिन वसेको बैठक र सो बैठकले शिक्षक व्यवस्थापन तथा अन्य विषयमा गरेको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

कृषि तथा पशु विकास शाखाका आ.व. २०७६/०७७ का कार्यक्रमहरु साझेदार संस्था हेल्भेटास नेपालसँग मिति २०७६-०५-०८ गते भएको सम्झौता बमोजिम सञ्चालन हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गाउँपालिका क्षेत्र भित्रका पशुजन्य उत्पादन गाउँपालिका क्षेत्र भन्दा बाहिर निकासी गर्ने फर्म कम्पनी, संस्था वा व्यक्ति तथा अन्य कुनै पक्षले यस कार्यालयको पशु सेवा शाखा सँग निकासी पूर्व अनिवार्य स्वीकृति लिनु पर्ने र सोका लागि आवश्यक अन्य प्रक्रिया मिलाउन पशुसेवा शाखालाई निर्देश गर्ने बैठक निर्णय गर्दछ ।

**निर्णय नं. ४**

आर्थिक मामिला तथा योजना मन्त्रालय बजेट योजना तथा कार्यक्रम महाशाखाको समपुरक अनुदान सहयोग सम्बन्धमा छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको कार्यालय भवन निर्माणका लागि गाउँपालिकाको तर्फबाट रु २००००००।- (अक्षरुपी दुई करोड मात्र) बेहोर्ने र थप समपूरक अनुदानका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने बैठक निर्णय गर्दछ ।

**निर्णय नं. ५**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा यस गाउँपालिकाको राजभण्डारी घडेरी डाँडा ऐसेलुखर्क खेलमैदान बिस्तारका लागि साझेदारीमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने भन्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

आ.व. ०७६/०७७ मा सञ्चालन हुने योजना तथा सडक निर्माणमा स्काभेटर प्रयोग गर्दा स्काभेटरको दर रेट प्रतिघण्टा तपसिल वमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसील**

१. सामान्य दर रु ५०००।- (भ्याट सहित)
२. ब्रेकर लगाउँदा रु ६०००।- (भ्याट सहित)

साथै गाउँपालिकाको व्याक हो लोडर व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्दा प्रति घण्टा रु २०००।- दर कायम गर्ने र व्याक दो लोडर अप्रेटरको पारिश्रमिक प्रति घण्टा रु १५०।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम यस पालिका भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने प्रयोजनार्थ तपसिल बमोजिम अनुगमन समिति गठन गर्ने बैठक निर्णय गर्दछ ।

**तपसील**

ज्ञ। संयोजक - पुष्पकला भूजेल (गा.पा. उपाध्यक्ष)
द्द। सदस्य - चमेली वि.क. (का.पा.स.)
घ। सदस्य - देवी चरण रम्तेल (का.पा.स.)
द्ध। सदस्य - जीवन निरौला (प्र.प्र.अधिकृत)
छ। सदस्य सचिव - योजना शाखा प्रमुख

उल्लिखित समितिले गाउँपालिका भित्र सञ्मचालन हुने सम्पुर्ण योजनाको नियमित अनुगमन गर्ने, रु ३०००००।- भन्दा माथिको योजनाहरुको अनुगमन प्रतिवेदन अनिबार्य रुपमा कार्यालयमा पेस गर्ने अनुगमन समितिको सिफारिस तथा प्रतिवेदन प्राप्त भए पछि मात्र योजना फर्स्यौटको प्रक्रिया अगाडि बढाउने भन्ने सवै सम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

यस कार्यालयमा आंशिक कानूनी परामर्शदाताको रुपमा कार्यरत श्री कृष्ण बहादुर राईलाई निजले खाई पाई आएको पारिश्रमिकमा मासिक रु ३०००।- (तीन हजार मात्र) बृद्धि गरी महिनाको कम्तीमा ३ पटक सेवा प्रदान गर्ने गरी आ.व. ०७६/०७७ का लागि पुन : करार सम्झौताको म्याद थप गर्ने भन्ने बैठक सर्ब सम्मत निर्णय गर्दछ ।

**निर्णय नं. ९**

सडक स्तरोन्नती सम्बन्धमा छलफल गर्दा चाड पर्वहरु भित्रने क्रम जारी रहेकाले नेपालीहरुको महानपर्व दशै पूर्व नै सडक स्तरोन्नतीको कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समिति गठन गरी कम्तीमा प्रत्येक वडाका वडा कार्यालय सम्म जोड्ने बाटोको स्तरोन्नतीको प्रक्रिया मौसमको अनुकुलतालाई मध्यनजर गर्दै सीघ्र अगाडि बढाउने भन्ने बैठक निर्णय गर्दछ ।

**निर्णय नं. १०**

उल्लिखित निर्णयहरु गर्दै आजको बैठक समापन गरियो ।

**आज मिति २०७६ साल असोज १० गते शुक्रबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौलाज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।**

**निर्णय नं. १ शोकप्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

कार्यपालिका सदस्य तथा वडा नं. १ का वडाध्यक्ष श्री झनकुमार राईका पुजनीय पिता वर्ष ७३ को कनकबहादुर राई ज्यूको असामयिक निधन भएकोमा ऐसेलुखर्क गाउँकार्यपालिका द्धारा गहिरो समवेदना व्यक्त गर्दै शोक सन्तप्त परिवारमा समवेदना व्यक्त गर्ने ।

**निर्णय नं. २ निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

गाउँ शिक्षा समितिको मिति २०७६ असोज ९ को निर्णय पारित/अनुमोदन गर्ने ।

**निर्णय नं. ३ समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोगको मिति २०७६/०६/०७ को सूचनानुसार समपूरक अनुदानमार्फत यस गाउँपालिका क्षेत्र भित्रका कृषि उपजहरुको संकलन एव भण्डारण गर्न “कृषि उपज संकलन एव भण्डारण केन्द्र” को निर्णयका लागि बजेट विनियोजन गर्न प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ४ विशेष अनुदान माग गर्ने सम्बन्धमा**

गाउँपालिका क्षेत्रभित्रको विद्यमान खानेपानी समस्याको हल हुनेहुँदा रावाखोलाको पानी लिफ्टिङ प्रविधिमार्फत ऐसेलुखर्कमा ल्याई खानेपानी अभाव भएका क्षेत्रमा वितरण गर्ने उद्देश्य साथ विशेष अनुदानका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ५ विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।**

ऐसेलुखर्क-३ हटिया स्थित जग्गामा बन्ने गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माणका लागि विन इन्जिनियरीङ ग्रुप प्रा.लि. काठमाडौले तयार गरेको भवनका विस्तृत परियोजना प्रतिवेदन DPR स्वीकृत गर्ने साथै आ.व. २०७७/७८ को ६ महिनाभित्र (२०६६ पौष मसान्त) सम्म निर्माण सम्पन्न हुने गरि बोलपत्र आव्हान लगायत अन्य प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ६ रकम भुक्तानी सम्बन्धमा ।**

ऐसेलुखर्क बजारक्षेत्र एंव वडा नं. २ बाकाचोल ऐसेलुखर्कको सडकमा गत साउन/भाद्र महिनामा भएको ग्राभेलिङमा लागेको लागत खर्च नियमानुसार सम्बन्धित व्यवसायी/उ. समिति/निर्माण समितिलाई गाउँपालिका पुजीगत विविध खर्च शीर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ७  अल्लो प्रशोधन मेसिनको रकम भुक्तानी एंव मेसिनको हस्तान्तरण सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारको निमन्त्रणा एव पोखरा विश्वविद्यालयको समन्वयमा पोखरामा सम्पन्न अल्लो प्रशोधन अभिमुखिकरण कार्यक्रम मार्फत छुट अनुदानमा यस स्थानीय तहलाई प्राप्त प्रशोधन मेसिनको भुक्तानी सम्बन्धित संस्थालाई नियमानुसार दिने साथै उक्त मेसिन अल्लो सम्भावित क्षेत्र वडा नं. १ राखावाङदेलस्थित श्री सिरुखर्क सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

**निर्णय नं. ८ आवधिक योजना निर्माण प्रस्ताव स्वीकृति सम्बन्धमा**

गाउँपालिकाको आवधिक योजना निर्माणका लागि प्राविधिक प्रस्ताव प्राप्त भएपश्चात श्री एन. एन. फाउण्डेशनसँग सम्झौता गरी निर्माण आरम्भको प्रक्रिया अघि बढाउने ।

**आज मिति २०७६ साल कात्तिक ३ गते आइतबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौलाज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।**

**निर्णय नं. १ सम्झौता सम्बन्धमा ।**

ऐसेलुखर्क गाउँपालिका वडा नं. १ स्थित रावाखोलाबाट विद्युत उत्पादनका लागि तल्लो मध्य रावाखोला जलविद्युत आयोजना प्रा.लि. सँग सम्झौता गर्ने । उक्त आयोजना निर्माणका लागि क्रमागत रुपमा रु २ करोड ५० लाख बरावरको लगानी साझेदारीमा गर्ने साथै संस्थासँग ५ किलोवाट क्षमताको टर्वाइन तथा सो को लागि आवश्यक विद्युतीय तार ५० प्रतिशत अनुदानमा खरिद गर्ने ।

**निर्णय नं. २ कार्यक्रम स्वीकृति सम्बन्धमा ।**

कृषि/पशु शाखाबाट प्रस्तुत भएको बहुक्षेत्रीय पोषण कार्यक्रम को आ.व. २०७६/७७ को वार्षिक कार्यक्रम स्वीकृत गर्ने साथै उक्त कार्यक्रमका लागि गाउँपालिकाको समपूरक कोषबाट रु २ लाख ७ हजार ६ सय ५० मात्र विनियोजना गर्ने ।

**निर्णय नं. ३ सम्पर्क व्यक्ति तोक्ने बारे ।**

“भूमिहीन दलित परिवारलाई निशुल्क जग्गा उपलब्ध गराउने कार्यक्रम” का लागि यस गाउँपायिलकाको सम्पर्क व्यक्ति कार्यपालिका सदस्य श्री देविचरण रम्तेललाई तोकी सो को जानकारी सम्बन्धित मन्त्रालयमा पठाउने ।

आज मिति साल कात्तिक २९ गते शुक्रबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

१. उपभोक्ता समिति गठन सम्बन्धमा ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि आयोजना छनौट गर्ने सम्बन्धमा ।
३. दुधकोशी बालुवा निकासि निवेदन स्वीकृति तथा सम्झौता सम्बन्धमा ।
४. शिक्षक सरुवा तथा पदस्थापना सम्बन्धमा ।
५. वडा मेलमिलाप  समिति गठन गरी समितिका सदस्य लाई तालिम दिने सम्बन्धमा ।
६. लिदिङखोला अस्थायी पुल निर्माण गर्ने सम्बन्धमा ।
७. अ.न.मी. सेवा करारमा लिने सम्बन्धमा ।

निर्णयहरु :
प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको ०७६/०७७ मा कार्यान्वयन गर्ने गरी गाउँ सभाबाट स्वीकृत भएका आयोजनाहरुको उपभोक्ता समिति २०७६ साल मंसिर १५ गते भित्र गठन गरी गाउँपालिकामा पेश गर्ने गराउने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री स्वारोजगार कायक्रम अर्न्तगत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६४ मिति २०७६/०६/२६ को पवत्र अनुसार कार्यान्वयनको लागि ऐसेलुखर्क गाउँपालिकाको ७ (सातै) वटामा आयोजना छनौट गरी २०७६/८/५ गते भित्र गाउँपालिकाको कार्यालयमा पेश गर्ने र सो पश्चात आयोजनाको ल.ई. गर्न प्राविधिक खटाउने निर्णय गरियो साथै आयोजना प्रति वडा १/१ वटा मात्र छनौट गरि सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ६ को सिलौरी घाटको बालुवा निककासी गर्न निवेदन प्रस्ताव माग गरिएको मिति २०७६/४/१ मा आह्नन भएकोमा तोकिएको मिति २०७६/४/१५ सम्ममा दखमलु देउराली इन्भेस्टमेन्ट प्रा.लि. ऐसेलुखर्क ३ खोटाङले रु. १ लाख ५० हजार मात्र बोल कबोल गरी प्रस्ताव पेश गरेककोले उक्त प्रस्ताव स्वीकृत गरी प्रति ट्याक्टर रु. १ हजार प्रति ट्रक टिपर २ हजार भन्दा  बढी लिन नपाउने गरी सम्झौता गर्दा ५० प्रतिशत तत्काल र फाल्गुन मसान्त भित्र बाँकी ५० प्रतिशत रकम भुक्तानी गर्ने गरी सम्झौता गरी अधिकार आदेश पत्र दिने निर्णय परीत गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तिर्थ कुमारी राजभण्डारी प्रा.शि. तृतीय लाई कालिका प्रा.वि. माक्पाबाट हिरा प्रा.वि. महेश्वरीमा पदस्थापन गर्ने र गुराँस आ.वि. जलेश्वरीबाट बौद्ध आ.वि. बाकाचोलमा कामकाज गर्न खटाईएको व्यवस्थापन गरिएको शिक्षक बल बहादुर दाहाललाई बौद्ध आ.वि.मा पदस्थापन गर्ने निर्णय पारीत गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अर्न्तगत ७ वटै वडा कार्यालयमा रहने गरी वडा मेलमिलाप समिति २०७६ साल मंसिर मसान्त भित्र गठन गर्ने उक्त कार्य गर्ने जिम्मेवारी उपाध्यक्ष श्री पुष्पकला भुजेललाई दिने र कार्यविधि तयार गरी सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका १ र ३ को वीचमा पर्ने लिदिङखोला अस्थायीपुल निर्माण गर्ने र सो आयोजनाको लागि कार्य गरी सम्पन्न भै सकेको हुदा प्राविधिक प्रतिवेदन तयार गरी गा.पा. विपद व्यवस्थापन कोषबाट रु. १ लाख ३० हजार मात्र भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न अनमी कर्मचारी कमी भै सेवा प्रदान गर्न कठिनाई भएकोले स्वास्थ्य तर्फ शर्सत अनुदानबाट भुक्तानी गर्ने गरी मासिक तलव भत्ता बापत रु. २२ हजार भुक्तानी दिने गरी करार पदपूर्ती गर्ने निर्णय सर्व सहमतिले पारीत गरियो ।

आज मिति २०७६ साल मंसिर १९ गते बिहीबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**२०७६ साल मंसिर १९ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

१. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम छनौट सम्बन्धमा ।
२. आवधिक योजना छनौट तथा विज्ञ आह्वान गर्ने सम्बन्धमा ।
३. ऐसेलुखर्क बजार सरसफाईको रकम भुक्तानी सम्बन्धमा ।
४. स्वास्थ्य सेवाका २४ घण्टे सेवाको लागि प्रोत्साहन भत्ता सम्बन्धमा ।
५. SIP आयोजना छनौट तथा सिफारिस सम्बन्धमा ।
६. प्रदेश तालिमको लागि कार्यक्रम छनौट तथा सिफारिस ।
७. बहाने महोत्सव सम्बन्धमा ।
८. बैकल्पिक उर्जा कार्यक्रम संचालन सम्बन्धमा ।
९. ऐसेलुखर्क गा.पा. को सार्वजनिक खरिद नियमावली पारित सम्बन्धमा ।

निर्णयहरु :
प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री स्वारेजगार कार्यक्रम संचालनको लागि मन्त्रालयमा पेश गर्न निम्नानुसार आयोजना छनौट गर्ने निर्णय गरियो ।
वडा नं. १ राखा लिदिङखोला सडक पैरो नियन्त्रण आयोजना ।
वडा नं. २ जरबोटे सिरुडाँडा सिचाई कुलो निर्माण आयोजना ।
वडा नं. ३ ऐसेलुखर्क आहालडाँडा सडक सोलिङ आयोजना ।
वडा नं. ४ ऐसेलुखर्क दिब्दी सडक सोलिङ र ग्याबिन वाल निर्माण आयोजना ।
वडा नं. ५ अधेरीखोला तारजाली ग्याविन निर्माण आयोजना ।
वडा नं. ६ महंकला प्रा.वि. सोलिङ वाल निर्माण आयोजना ।
वडा नं. ७ सपनेश्वर महादेवस्थान जाने पदमार्ग निर्माण आयोजना ।
गा.पा. स्तरीय आयोजना श्री त्रिभुवन मा.वि. खेलमैदान पहिरो नियन्त्रण ग्याविन वाल निर्माण ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आवधिक आयोजना संचालन गर्ने सम्बन्धमा विज्ञ समूहलाई आमन्त्रण गर्ने विज्ञ समूहलाई खाने बस्ने यातायात सुविधा ल गायत सुविधा उपलब्ध गराउने अन्य खर्च प्रस्ताव तयार गरी खर्च गर्ने र आवधिक

योजनाको लागि विनियोजित बजेट रु. १५ लाख मध्येबाट रु. ५ लाख विविध खर्चमा रकमान्तर गरी तान्ने (पुँजीगत) निर्णय गरियो ।
अवलोकन भ्रमण खर्चमा विनियोजन भएको ५ लाख लाई विविध खर्चमा समायोजन गरी गर्ने । पदाधिकारी पोषकमा विनियोजन भएको रकम रु. ४ लाख समेत गरी विविध खर्चमा तान्ने र उक्त रकमबाट जम्मा रु. १३ लाख ९८ ह जार ५ सय मात्र स्थानीय सडक मर्मत समिति ऐसेलुखर्क ३ लाई भुक्तानी दिने गरी गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क बजार सरसफाईको लागि लागेको रकम रु. २२ हजार मात्र चालु तर्फको संचालन तथा मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. प्रा. स्वा. के लाई तौविसै घण्टा संचालन गर्ने निर्णय भएकोले उक्त कार्यक्रमलाई कार्यान्वयन गर्न स्वास्थ्य तर्फ विनियोजन भएको रकम रु. ३२ लाख मध्येबाट निम्नानुसार प्रत्साहन पारीश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

१. डा. MBBS मासिक रु. ४० हजार ६ सय ।
२. अ.हे.व. पारामेडिक्स मासिक रु. २० हजार
३. ल्याव असिष्टेण्ड मासिक रु. १२ हजार
४. का.स. मासिक रु. १० हजार
५. एक्स रे मासिक रु. ७ हजार ।

स्वास्थ्य तर्फको विनियोजित बजेट निम्नानुसार पारीत गरिया ।
**तपसील**

| क. सं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १. | अब्सेट्रेटिक फिस्टुला र पाठेघर खस्ने रनेगिको स्क्रिनिङ तथा रिङपेसरी VIS जाँच शिविर | १ लाख ५० हजार |
| २. | ग्रामिण भिडियो एक्सरे कार्यक्रम | ५० हजार |
| ३. | स्वास्थ्य विमा कार्यक्रमको लागि फार्मेसि व्यवस्थापन | १ लाख |
| ४. | अनमिको लागि पाठेघर खस्ने रोगको व्यवस्थापन तथा रिडपेसरी सम्बन्धी तालिम | ७० हजार |
| ५. | समिक्षा गोष्ठि कार्यक्रम (वार्षिक प्रथम अर्धवार्षिक र दोस्रो अर्धवार्षिक) | १ लाख २६ हजार |
| ६. | औषधि खरिद | ३ लाख |
| ७. | प्रा. स्वा. क् ऐसेलुखर्कमा चौविसै घण्टा इमर्जेन्सि सेवा सञ्चालन | |

| | | |
|---|---|---|
| | (क) डाक्टर प्रोत्साहन रकम | ३ लाख ४४ हजार |
| | (ख) पारामेडिक्स प्रोत्साहान रकम | १ लाख ६० हजार |
| | (ग) ल्याब असिष्टेन्ट प्रोत्साहन रकम | ९६ हजार |
| | (घ) कार्यालय सहयोगी प्रोत्साहन रकम | ८० हजार |
| | (ङ) एक्सरे जोखिम भत्ता | ५३ हजार २ सय २० |
| | (च) विविध | ९६ हजार ७ सय असि |
| ८. | महिला स्वास्थ्य स्वायम सेविका प्रोत्साहन भत्ता | ४ लाख ७४ हजार |
| ९. | गाउँघर क्लिनिक संचालनका लागि फर्निचर खरिद | २ लाख ५० हजार |
| १०. | वर्थिङ सेन्टर संचालनका लागि औजार उपकरण खरिद | ८० हजार |
| ११. | भ्रमण अनुगमन खर्च | ५० हजार |
| **जम्मा** | | ३२ लाख |

निर्णय नं. ५ माथि छलफल गर्दा साना सिंचाई कार्यक्रम कार्यान्वयन गर्न निम्न नानुसारका आयोजना कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

१. ऐसेलुखर्क ३ वाङ्खोला मुहान गरी भोगटेनी कटुन्जे सिंचाई योजना ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रदेश नं. १ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् इटहरीको मिति २०७६/८/१५ च.नं. १८६ को पत्रबाट ३९० घण्टे तालिमको लागि निम्नानुसार तालिम र केन्द्र सिफासि गर्ने निर्णय गरियो ।

| तालिम | संचालन केन्द्र |
|---|---|
| १. कम्प्यूटर बेसिक तालिम | ऐसेलुखर्क |
| २. पोल्ट्री फर्म बर्कर | ऐसेलुखर्क |
| ३. भिलेज एनिमल हेल्थ बर्कर | ऐसेलुखर्क |
| ४. गोट किपर | ऐसेलुखर्क |
| ५. मोटरसाईकल मेकानिकल | ऐसेलुखर्क |

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. १ मा पर्ने बहाने महोत्सव २०७६ साल फागुन १३,१४,१५ र १६ गते मनाउने उक्त महोत्सव व्यवस्थापनको लागि वडा नं. १ का वडाध्यक्ष श्री झनकुमार राईलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बैकल्पिक उर्जा कार्यक्रमबाट विनियोजित बजेटबाट प्रत्येक वडा कार्यालय र स्वास्थ्य चौकीमा सोलार बत्ति जडान गर्ने गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ दफावर छलफल गरी सर्व सम्मत पारीत गरियो ।

आज मिति २०७६ साल पुस १५ गते मंगलबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

प्रस्तावहरु

१. शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
२. बहुक्षेत्रीय पोषण कार्यक्रम छलफल तथा स्वीकृति सम्बन्धमा ।
३. समपुरक कोषको रकम विनियोजन तथा बाडफाड सम्बन्धमा ।
४. विद्युत सामान ढुवानीको रकम भुक्तानी सम्बन्धमा ।
५. खेलकुद संचालन तथा रकम सम्बन्धमा ।
६. दिक्तेलबाट ऐसेलुखर्क जलेश्वरी लगायत विद्युत विस्तार सामाग्री ढुवानीको रकम भुक्तानी सम्बन्धमा ।
७. ऐसेलुखर्क गाउपालिका न्यायिक समिति मेलमिलाप कार्य संचालन कार्यविधि २०७६ पारीत गर्ने सम्बन्धमा ।
८. न्यायिक समिति मेलमिलाप तालिम संचालन तथा बजेट सम्बन्धमा ।
९. मौरी पालन तालिम सम्बन्धमा ।
१०. रा.वा. बैक ऐसेलुखर्क शाखाबाट खाता संचालन गरी आर्थिक कारोबार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका शिक्षा समिति बाट शिक्षक प्रा.शि.तृ. तीर्थ कुमारी राजभण्डारी राई हिरा प्रा.वि. ऐसेलुखर्क रर शिक्षक प्रा.शि.द्वि. श्री बल बहादुर दाहाललाई बौद्ध आ.वि. मा पदस्थापन गर्ने गरी गरेको निर्णय साथै मिति २०७६/८/१३, /८/३० मा भएका निर्णय अनुमोदन गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको लागि तयार भई पेश भएको बहुक्षेत्रिय पोषणको आ.व. २०७६/०७७ को जम्मा १४ लाख ८५ हजार ६ सय ५० रुपैया बराबरको कार्यक्रम सर्वसम्मत स्वीकृत गरियो ।

प्रस्ताव न.. ३ माथि छलफल गर्दा यस गा.पा. को सभाबाट समपुरकोष विनियोजित रु. ७० लाख मध्येबाट तपसीलका आयोजनामा खर्च गर्ने निर्णय गरियो ।

१. ऐसेलुखर्क होप्चु देशारे ज्यामिरे सडक रु. १५ लाख ६० हजार (२० प्रतिशत)
२. साना सिचाई कार्यक्रम मेचिङ फण्ड रु. १६ लाख ६० हजार
३. झोलुङ्गे पुल कार्यक्रम ६ प्रतिशत ले रु. ३ लाख १२ हजार

४. देम्लिटार विद्युत मेसिन खरिदको ५० प्रतिशतले गा.पा. बाट व्यहोरिने रकम रु. ८ लाख १९ हजार
५. श्री त्रिभुवन मा.वि. ऐसेलुखर्क र श्री माक्पा मा.वि. माक्पाको विद्यालय भवन निर्माणको लागि १०/१० लाखको दरले रु. २० लाख

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. ४ जलेश्वरी देम्लिटार विद्युतिकरण आयोजनाको लागि काठमाण्डौंबाट ऐसेलुखर्क र ऐसेलुखर्कबाट देम्लिटार तार ढुवानी गरे बापत ढुवानी खर्च रु. ७३ हजार ७ सय आयोजनाको कन्टेनजेन्सी बापतको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका सभाबाट खेलकुद शिर्षक विनियोजन भएको रु. १५ लाख बजेट मध्ये तपसील अनुसारको बजेट बाडफाड गरी खेलकुद कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
पालिका स्तरीय खेलकुद कार्यक्रम जम्मा रु. ६ लाख
१. महिला पुरुष गा.पा स्तरीय खुला भलिवल प्रतियोगिता ।
२. व्याडमिन्टन गा.पा स्तरीय खुला प्रतियोगिता ।
३. डोरी  तान्ने पुरुष वडा स्तरीय खुला प्रतियोगिता ।
४. महिला म्यूजिकल चियर खुला प्रतियोगिता ।
वडा स्तरीय प्रतियोगिताको लागि प्रतिवडा १ लाखका दरले ७ वडाको लागि रु. ७ लाख ।
ममाथि उल्लेखित खेलहरु नै वडाले खेलाउने र ०७६ माघ मसान्त भित्र गराउने र गा.पा. स्तरीय २०७६ साल फागुन ६,७ र ८ गते संचालन गर्ने निर्णय गरियो ।
बाँकी रकमबाट श्री त्रिभुवन मा.वि. ऐसेलुखर्कलाई खेलकुद संचालनको लागि रु. ५० हजार अनुदान दिने निर्णय गरियो ।
गा.पा. स्तरीय खेलाडी बाहिर गा.पा. जिल्ला स्तरीय खेलमा आधिकारीक रुपमा सहभागी हुन पठाउदा निम्नानुसार रकम खर्च भुक्तानी गर्ने गरी पठाउने निणर्य गरियो ।

तपसील
१. जिल्ला भित्र अन्तरपालिका भलिबल रु. २० हजार ।
२. जिल्ला भित्र अन्तरपालिका फुटवल रु. ३० हजार ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अर्न्तरगत संचालन हुने विद्युत विस्तार कार्यक्रमको सामाग्री सदरमुकाम दिक्तेलबाट ऐसेलुखर्क सम्म ढुवानी गर्दा प्रति ट्रक रु. २५ हजार प्रति ट्याक्टर रु. १२ हजार गा.पा. आयोजनाबाट प्राप्त कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका न्यायिक समिति मेलमिलाप कार्य संचालन कार्यविधि २०७६ माथि छलफल गर्दा उक्त कार्यविधिलाई सर्व सम्मत पारीत गरियो ।

प्रस्ताव नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिक भित्र वडा कार्यालयमा रहने मेलमिलाप कर्ता न्यायिक समिति पदाधिकारीको मेल मिलाप कर्ता तालिम २०७६ साल पौष २७ देखि ७ दिने तालिम प्रति वडा ३/३ जनाको दरले र वडा अध्यक्ष। सचिव र गा.पा. अध्यक्ष, उपाध्यक्ष र प्र.प्र.अ. समेत सहभागी हुने गरी संचालन गर्ने र सो तालिम संचालन गर्न सह जकर्ता दक्ष प्रशिक्षकको लागि मेडियसन नेपाल काठमाण्डौलाई अनुरोध गर्ने । सो तालिम संचालनको लागि न्यायिक समिति कार्य सञ्चलन तथा व्यवस्थापनबाट ३ लाख शिप विकास तथा जनचेतना तालिमबाट रु. ३ लाख कार्यक्रम खर्चबाट रु. २ लाख गरी जम्मा रु. ८ लाख खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. २,३,६ र ७ का ३/३ जना मौरीपालक कृषकलाई प्रयास नेपाल सँग समन्वय र साझेदारीमा तालिम संचालन गर्ने र सो तालिमको लागि शिप विकास तथा जनचेतना तालिम शिर्षकबाट रु. १ लाख खर्च गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस ऐसेलुखर्क गा.पा. को आर्थिक कारोवार रा.वा. बैंक दिक्तेल शाखाबाट गर्दै आएकोमा उक्त कारोबार रा.वा. बैक ऐसेलुखर्क शाखाबाट संचालन गर्न गराउन अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७६ साल पुष १७ गते बिहीबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

प्रस्तावहरु :

१. राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने समपुरक अनुदानमा संचालन आयोजना छनौट सम्बन्धमा ।
२. विशेष अनुदानमा संचालन गर्ने आयोजना छनौट सम्बन्धमा ।
३. घरेलु तथा उद्योग विकास कार्यक्रम संचालन सम्बन्धमा ।
४. उद्यम गृह निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ७ को भिरपानी हुदै ऐसेलुखर्क ३ र वडा नं. २ को देउराली सम्म सडक स्तरोन्नती आयोजना डि.पि. आर भै सकेको हुँदा सो डि.पि. आर. सहित समपुरक अनुदानबाट संचालन गर्ने गरी पेश गर्ने र राष्ट्रिय योजना आयोगबाट तोकिएको प्रतिशत (अंश) गाउँपालिकाबाट बेहोरिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा रा.यो.आ. बाट प्राप्त हुने विशेष अनुदान बाट संचालन हुने कार्यक्रममा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ ऐसेलुखर्क बजार देखि बगाले हुदै लिदिङखोला सम्म सडक ट्रयक ओपन भएको डि.पि.आर समेत भै सकेकोले सो आयोजना स्तरोन्नतीको लागि पेश गर्न निर्णय गरियो ।

प्रस्ताव नं. ३ घरेलु तथा साना उद्योग विकास समिति खोटाङद्धारा आयोजना गरिने बेलबासको तालिम र थुप्पा उत्पादन सम्बन्धी तालिम २०७६/१०/०५ गतेबाट संचालन गर्ने र सहभागीहरु वडा नं. १,२,३,४ र ६ बाट २/२ जनाको दरले सहभागी सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा घरेलु तथा साना उद्योग विकासको कार्यालय खोटाङबाट उद्यम भवन निर्माणको लागि रु. ५ लाख अनुदान प्राप्त हुने भएकोले उक्त भवन ऐसेलुखर्क गा.पा. वडा नं. ३ ऐसेलुखर्क बजारमा संचालन निर्माण गर्न निर्णय गरियो ।

आज मिति २०७६ साल माघ ०४ गते शनिबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**प्रस्तावहरु**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आयोजना न्यायिक समितिको संयोजनमा मेडिसियन नेपालले संचालन गरेको ८ दिने मेलमिलापकर्तालाई दिएको आधारभूत तालिममा लागेको खर्च भुक्तानी दिने रकम र भुक्तानी प्रकृयाको सम्पूर्ण कार्यको जिम्मेवारी र जवाफदेहिता कार्यपालिकाले लिने र उक्त तालिम संचालन गरे बापत पेश भएको प्रस्ताव मूल्याङ्कन गरी कर बाहेक ४ लाख मात्र भुक्तानी दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गा.पा. बाट तयार गराईएका तपसिलका उल्लेखित आयोजनाको डि.पि.आर रिर्पोट सर्वसम्मत पारित गरियो ।

१. गा.पा. भवन. डि.पि.आर स्वीकृत आयोजना ।
२. गा.पा. बैठक/सभाहल निर्माण
३. बजार ट्रस निर्माण डि.पि.आर
४. नोरुङ ऐसेलुखर्क सडक निर्माण
५. ऐसेलुखर्क माक्पा रावाखोला सडक निर्माण डि.पि.आर
६. ऐसेलुखर्क पतेलबेसी सडक स्तरोन्नती
७. ऐसेलुखर्क देउराली सडक स्तरोन्नती डि.पि.आर
८. माकिपा पर्याटन क्षेत्र पूर्वाधार निर्माण डि.पि.आर माक्पा ।

प्रसताव नं. २ को खण्ड दुई सोयल टेस्ट (माटो परिक्षण) गर्ने सम्बन्धमा गा.पा. भवन निर्माण स्थल र लिदिङखोला मोटरबाटो निर्माण स्थलको सोयल टेस्ट निर्माण कार्यको ल.ई र सम्झौता अनुसारको रकम गा.पा.आयोजनाबाट संकलन हुने कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गा.पा.बाट तपसीलमा उल्लेखित आयोजना प्रदेश सरकार संघयि सरकारबाट कार्यान्वयनको लागि माग गर्ने निर्णय गरियो ।
तपसील
१. ऐसेलुखर्क वडा न.. ४ र ५ जोड्ने मेखुखोला हाप्ली झोलुङ्गे पुल हेल्वीटास (स्वीस सरकार)

२. ऐसेलुखर्क वडा नं. ४ जलेश्वरी सिम्लेखोला बतासे देम्लिटार जोड्ने झोलुङ्गे पुल हेल्वीटास (स्वीस सरकार)
३. ऐसेलुखर्क २ हुमेखोला पारा र थापागाउँ जोड्ने झोलङ्गे पुल हेल्वीटास (स्वीस सरकार)
४. ऐसेलुखर्क गाउँपालिका ३ वाङखोला बेसी ट्रस्ट पुल निर्माण हेल्वीटास (स्वीस सरकार)
५. कृषी उपज संकलन चिस्यान केन्द्र निर्माण १ नं. प्रदेश सामाजिक विकास मन्त्रालय, विराटनगर ।
६. ऐसेलुखर्क ४ जलेश्वरीकको सिम्ले खोला माथिल्लो खाम्देल सालघारी झोलुङ्गे पुल निर्माण हेल्वीटास (स्वीस सरकार)
७. ऐसेलुखर्क गाउँपालिका वडा नं. २ बाकाचोलमा आलु उत्पादन ब्लक कार्यक्रम र चिस्यान केन्द्र निर्माण १ नं. प्रदेश सामाजिक विकास मन्त्रालय, विराटनगर ।
८. ऐसेलुखर्क गाउँपालिका वडा नं. १ र २ मा चौरी पालन कार्यक्रम प्रवर्द्धन गर्ने १ नं. प्रदेश सामाजिक विकास मन्त्रालय, विराटनगर ।
९. ऐसेलुखर्क गाउँपालिका वडा नं. १ देखि ६ सम्म केन्द्रिय विद्युत लाईन विस्तारको लागि केन्द्रिय विद्युत विस्तार आयोजना उर्जा मन्त्रालय काठमाण्डौं ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ को होप्चुमा स्वागत गेट निर्माण ल.ईं. रु. ५८,४२६।- र ऐसेलुखर्क प्रा.स्वा. के कम्पाउण्ड घेराबारा निर्माण ल.ई. रकम रु. ७६,३८५ को आयोजनाहरु कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने गरी सोझौ अमानतबाट गराउने निर्णय गरियो ।
प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको शाखा कार्यालय विस्तारको लागि आवश्यक फर्निचर खरिद गर्ने र उक्त रकम कन्टेन्जेन्सीबाट प्राप्त हुने बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७५/०७६ को सभाबाट स्वीकृत भएको पर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम अर्न्तगत सेतीदेवी मन्दिर संरक्षण सडक निर्माण आयोजनाको रकम रु. १० लाख विनियोजन गरिएकोमा भुलबस रु. १ लाख मात्र लेखिएको र अन्य रकम छुट भएकोले गत आ.व. ०७५/०७६ को राजश्व बाडफाँड र प्रदेश सरकारबाट सवारी साधन बापत प्राप्त हुने रकम रु. ९ लाख थप गरी जम्मा १० लाखमा सो आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. ७ भदौरे कार्की गाउमा राजश्व बाँडफाड र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाट रु. २ लाख भुक्तानी दिने गरी कुल पुजा मन्दिर आयोजना संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा रुपाकोट मझुवागढी न.पा. ११ बुईपामा संचालन हुने न.पा/गा.पा स्तरीय खुला भलिवल प्रतियोगितात्मक कार्यक्रमको लागि मदन भण्डारी एर्पोट एकेडेमि लाई रु. ५५ हजार खेलकुद विकास कार्यक्रमबाट भुक्तानी दिने निर्णय सर्वसम्मत पारीत गरियो ।

प्रस्ताव नं. ९ घरेलु तथा साना उद्योग विकास कार्यक्रमबाट प्राप्त हुने रु ५ लाख रकमबाट गा.पा. भवन निर्माण स्थलको पश्चिम तर्फ पिलर ढलान गरी बन्ने ट्रस्टमा एटेज गरी कोसेली घर निर्माण गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. १०. माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अर्न्तगतका जेष्ठ नागरिक ६० वर्ष पुरा भएका नागरिकहरुलाई वर्षमा २ चोटी मात्र सदरमुकाम दिक्तेल जादा बसमा यातायात खर्च छुट दिने उक्त रकम वडाध्यक्षको किटानी सिफारिस जे.ना. परिचय पत्र, बस टिकट राखि जेक्ष्ठ नागरिक खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय सर्व सम्मत पारित गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गा.पा. को युवा स्वरोजगार कार्यक्रमबाट विनियोजन भएको रु. १२ लाख मध्ये तपसीलका उल्लेखित विद्यालयहरुमा क्षति पुग्न गएकोले निम्नानुसार आयोजना संचालन गर्ने निर्णय गरियो ।

तपसील
श्री रावाथुम प्रा.वि. राखा पहिरो नियन्त्रण रु. १ लाख ।
श्री भानु आधारभूत विद्यालय माक्पा रु १ लाख पचास हजार ।

निर्णय नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.को आ.व. ०७५/०७६ को अन्तिम लेखापरिक्षण गर्दा पेश गरेको प्रारम्भिक प्रतिवेदन अनुसार बेरुजु माथि छलफल गरियो । उक्त बेरुजु मध्ये असुल उपर गर्ने भनि लेखिएको बेरुजु असुल उपरको लागि कारवाही बढाउने निर्णय गरियो ।

## २०७६ साल माघ २० गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलु खर्क गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ लागि गत आ.व. २०७५/०७६ मा निर्धारण भई कार्यान्वयनमा आएको दररेट लाई नै आ.व. २०७६/०७७ को दररेट मानि कार्यान्वयन गर्ने जिल्ला दररेट २०७६/०७७ को समेतलाई आधार मानि कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारीत गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका र संघीय सरकार, प्रदेश सरकार र अन्य निकायबाट प्राप्त रकमबाट संचालन हुने आयोजना संचालन गर्दा उपभोक्ता समितिले कुल ल.ई. को १५ प्रतिशत रकम बराबरको जनश्रमदान बेहोरिने गरी आयोजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउपालिकामा कार्यरत इन्जिनियर श्री किसन अधिकारी र सव ईन्जिनियर श्री सन्तोष घिमिरेको म्याद २०७७ साल असार मसान्त सम्म साविकमा पाएको सेवा सुविधा अनुसार नै पाउने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिका र अर्न्तगत कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको तलव भत्ता नपुग भएकोले नपुग भएको तलव भत्ता कर्मचारी तलव भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

निर्णय नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका प्रा.स्वा.के.को समेत प्राविधिक सहयोगमा दात रोग विशेषज्ञ सहितको दाँत रोग सम्बन्धी तालिम र शिविर संचालन गर्ने उक्त शिविर २०७६ साल माघ १६,२७ र २८ गते संचालन गर्ने र उक्त शिविर संचालन गर्न शिप विकास तालिम कार्यक्रमबाट रु. २ लाख र विविध खर्च चालु बाट रु. १ लाख ५० हजार खर्च गरी संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.को लागि संघीय सरकारबाट प्राप्त हुने अनुदानमा संचालन हुने आयोजना निम्नानुसार कार्यान्वयन गर्ने गरि माग गर्ने सर्वसम्मत स्वीकृत गरियो ।

यस ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम यस खोटाङ जिल्लामा आ.व. २०६७/०६८ बाट विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा **कामको लागि खाद्यान्न कार्यक्रम** सञ्चालनमा रहेकोमा हाल नेपाल सरकार मार्फत **कामको लागि नगद कार्यक्रम** यस गाउँपालिकाको विभिन्न वडाहरुमा संचालन हुदै आएकोमा विभिन्न सडक योजनाहरु हाल क्रमागत रहेको साथै पिछडिएका बस्तिहरुमा पनि साना आयआर्जनका योजनाहरु मार्फत नगदे बालिहरुको विकास गर्दै खाद्य सुरक्षामा पहुँच पुऱ्याउने हुदा आगामी आर्थिक वर्ष २०७७/०७८ मा पनि यो कार्यक्रमलाई निरन्तरताका लागि तपसील बमोजिमको बजेट व्यबस्थापन गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारमा पेश गर्ने निर्णय गरियो ।

**तपसील**

| क.सं. | कार्यक्र क्रियाकलाप | बजेट | कैफियत |
|---|---|---|---|
| १. | ग्रामिण सडक | ३० लाख | ३ कि.मि. |
| २. | आर्यआर्जन क्रियाकलापहरु | २५ लाख | ६ वटा |
| ३. | चालु प्रशासनिक खर्च | ९ लाख | |
| | जम्मा | | |

निर्णय नं. ७ माथि छलफल गर्दा तल्लो मध्ये रावाखोला जलविद्युत प्रा.लि. र गाउँपालिका वीच भएको सम्झौता अनुसार प्ररम्भिक क्षेत्रमा पर्ने जग्गाधनीको जग्गाको मुआव्जाको लागि मूलयाङ्कन गर्न निम्न अनुसारको मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

संयोजक श्री झन कुमार राई
सदस्य श्री खड्ग बहादुर राई नाछिरिङ
सदस्य श्री छिरिङलमु तामाङ
उक्त जग्गा आयोजना बाहेक अन्य व्यक्तिलाई सिफारिस नगर्ने निर्णय गरियो ।

निर्णय नं. ८ माथि छलफल गर्दा प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको मिति २०७६/९/२१ मा प्रकाशित सूचना अनुसार यस गा.पा. वडा नं. ३ देसारे देखि महेश्वरी, जलेश्वरी देम्लिटार चुच्चेपुल सम्म सोलुको दुधकोशी जोड्ने सडक स्तरोन्नतिको लागि माग तथा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निणर्य नं. ९ माथि छलफल गर्दा मदन भण्डारी प्रतिष्ठानले संचालन गरेको खुल्ला भलिबल प्रतियोगितामा यस गा.पा. बाट सहभागि खेलाडिहरुलाइ यातायात खर्च स्वरुप खेलकुद शिर्षकबाट खर्च लेखने गरी रु. २० हजार थप रकम साविक निर्णयमा थपगरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १० माथि छलफल गर्दा कालिका मा.वि. बाकाचोलको राहत अनुदान कोटालाइ श्री त्रिभुवन प्रा.वि. जलेश्वरी देम्लिटारमा सार्ने, त्रिभुवन प्रा.वि. देम्लिटारको स्वीकृत दरबन्दिलाई कालिका मा.वि. बाकाचोलमा सार्ने साथै शिशु मा.वि. महेश्वरीमा कार्यरत प्रा.शि.

तृतीय श्री हर्कजंग राईलाई  दुबै विद्यालय वि.व्या.स. को निर्णय तथा सिफारिस अनुसार कालिका मा.वि. बाकाचोलको रिक्त प्रा.सि. प दमा सरुवा गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. ३ को रा.प्र.प्रा.वि. लाई रु. ५० हजार वडा नं. ७ को मानुका आ.वि. लाई युवा स्वरोजगार कार्यक्रमबाट रु. १ लाख धुलाम्मे कक्षा शिर्षक बजेटबाट भुक्तानी दिने गरी संचालन गर्ने निर्णय गरियो । धुलाम्मे कक्षा व्यावस्थापनको लागि शिशु मा.वि. रु. ५० हजार, शान्तोदय मा.वि. रु. १ लाख ५० हजार सेती प्रा.वि. रु. ७५ हजार भुक्त ानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ र १ राखा जोड्ने लिदिङखोला मोटरेवल  पक्कि पुल निर्माणका लागि सम्बन्धीत कार्यालय/निकायमा माग गर्ने निर्णय गरियो ।

**२०७६ साल फागुन ८ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. १ मा पर्ने पर्याटकीय स्थलमा बहाने महोत्सव संचालन हुने भएकोले उक्त दिन २०७६/११/१३ गते ऐसेलुखर्क गाउँपालिका अर्न्तगतका कार्यालयहरु सार्वजनिक संस्था लगायत सबै संघ संस्थालाई सार्वजनिक विदा दिने निर्णय गरियो ।

प्रसताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. १ को बहाने पोखरीमा मिति २०७६ पागुन १३ गते देखि २०७६/११/१७ गते सम्म संचालन हुने महोत्सवको लागि थप बजेट माग भएकोले गा.पा. बाट विनियोजित भएको बजेटमा थप  रु. ३ लाख ५० ह जार मात्र जनजात (लक्षित वर्ग विकास) कार्यक्रममा स्वीकृत ७ लाख बजेटबाट कट्टा गरी महोत्सवलाई दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विगत मिति २०७६/१०/०४ मा भएको निणृयमा रु. ५८ हजार ४ सय २६ मात्र विनियोजन गरिएकोमा उक्त रकम नपुग देखिएकोले कन्टेन्जेन्सीबाट खर्च लेख्ने गरी ल.ई. बमोजिम बढीमा रु.८० हजार मा नबढ्ने गरी भुक्तानी दिने निर्णय पारित गरियो स्वागत गेट निर्माणको लागि ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा धुलाम्मे कक्षा व्यवस्थापन सम्बन्धमा विनियोजन बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि प्रति कक्षा रु. २५ हजार का दरले खर्च गर्ने स्वीकृत कार्यक्रम अनुसार तपसीलका विद्यालयबाट माग पेश भएकोले निम्नानुसार कक्षा कोठा व्यवस्थापन गर्न निर्णय गरियो ।

तपसील

(क) जालपा मा.वि. बाकाचोल  ६ कक्षाकोठा

(ख) बौद्ध आ.वि. बाकाचोल २ कक्षाकोठा

(ग) कालिका प्रा.वि. ज्यामिरे २ कक्षाकोठा

(घ) मानुका प्रा.वि. राखा  ३ कक्षाकोठा

(ङ) सिद्धकन्या आ.वि. राखा ३ कक्षाकोठा

(च) मानुका आ.वि. माक्पा २ कक्षाकोठा

(छ) भानु आ.वि. ऐसेलुखर्क २ कक्षाकोठा

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तहको प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम कार्यक्रम समन्वय ईकाइ ललितपुरको मिति २०७६/९/२४ गते प्रकाशित सार्वजनिक सूचना अनुसार यस ऐसेलुखर्क गा.पा.को प्रशासकीय भवन निर्माण आयोजना सूचनामा उल्लेखित कागजात प्रमाणहरु संलग्न राखि पेश गर्ने गराउने निर्णय सर्वसम्मत पारीत गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गत सबै क्षेत्रभित्रमा र सबै सरोकारवाला व्यक्तिहरुलाई तोकिएको विधि र प्रकृया पुरा गरी प्रति वर्ग फिट रु. ६ रुपैयाका दरले राजश्व लिई घर नक्सा पारित गर्ने गराउने तथा प्रमाणिकरण गर्ने निर्णय गरयो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रुवेला दादुरा कार्यक्रमको लागि ऐसेलुखर्क गाउँपालिका अर्न्तगतका ७ वटै वडामा सरोकारबाला सबै जनताहरुमा पुग्ने गरी जनप्रतिनिधि, शिक्षक, बुद्धिजीवि कर्मचारी लगायत सबैले प्रचार प्रशार गर्ने समन्वय गर्ने र सहयोग गरी कार्यक्रमलाई सफल पार्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका तपसीलमा फर्महरुलाई बोयर बोका वितरण गर्ने निर्णय गरियो ।

तपसील

१. वडा नं. १ वादस्कु कृषक समूह ऐसेलुखर्क - १

२. वडा नं. २ लेकाली कृषक समूह ऐसेलुखर्क - २

३. वडा नं. ३ नमूना बाखा फर्म ऐसेलुखर्क - ३

४. वडा नं. ४ देम्लिटार कृष समूह ऐसेलुखर्क - ४

५. वडा नं. ५ गोदावरी कृषक समूह ऐसेलुखर्क - ५

६. वडा नं. ६ प्रकृति बाखा फर्म ऐसेलुखर्क - ६

७. वडा नं. ७ सकृय कृषक समूह भदौरे ऐसेलुखर्क - ७

उद्यम शिलता विकास कार्यक्रम तर्फ

मिति २०७६/९/१४ मा प्रकाशित सूचना अनुसार पेश भएको निवेदन माथि प्राविधिक कर्मचारी स्थलगत खटिई अनुगमन गरी पेश भएको प्रतिवेदन समेतका आधारमा तपसीलमा उल्लेखित फर्म तथा कृषकहरु छनौट गर्ने निर्णय सर्बसम्मत पारित गरियो ।

तपसील

१. विमला थापा राई, ३ रावा ऐसेलुखर्क बंगुर फर्म - खोर व्यवस्थापन

२. प्रभात राई ६, रावा ऐसेलुखर्क बंगुर फर्म - खोर व्यवस्थापन

३. चेत बहादुर भण्डारी ३, न्यू ऐसेलुखर्क बंगर फर्म - खोर व्यवस्थापन

४. मन कुमार तामाङ १ कालिका देवी बाखा फर्म - खोर व्यवस्थापन

५. सोम कुमार राई ५ ईमानुयल बाखा फर्म - खोर व्यवस्थापन

६. मणिराम राई ७  - खोर व्यवस्थापन

७. गणेश कुमार तामाङ ३ सिस्ने बाखा फर्म - खोर व्यवस्थापन

८. हेम बहादुर राई ३ हबौ तमुखर्क बाखा फर्म - खोर व्यवस्थापन

९. पेशल राई ६ प्रकृति बाखा फर्म - खोर व्यवस्थापन

१०. नविन दाहाल ७ - खोर व्यवस्थापन

प्रस्ताव नं. ९ माथि छलफल गर्दा पशु सेवा तर्फका कर्मचारीहरुलाई तपसील अनुसारको कार्यक्रम भ्याक्सिन लगाए बापत निम्नानुसार पारीश्रमिक दिने निर्णय गरियो ।

१. पि.पि. आर खोप प्रति भ्याक्सिन रु. ५।- प्रति डोज

२. स्वाईन फ्लु खोप प्रति भ्याक्सिन रु. ५।- प्रति डोज

३. रानीखेत खोप प्रति भ्याक्सिन रु. १।- प्रति डोज
४. रेविज खोप खोप प्रति भ्याक्सिन रु. ५।- प्रति डोज

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका तपसील अनुसारका आयोजनाको डि.पि.आर. विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो । उक्त आयोजना गाउँपालिकामा भएको बजेटको आधारमा प्राथमिकतामा गरिने छ । कन्टेन्जेन्सबाट प्राप्त रकम बाट गर्ने ।

तपसील (सडक स्तरोन्नती)
१. देसारे चित्रे महेश्वरी जलेश्वरी सडक डि.पि.आर. गर्ने
२. होप्चु ऐसेलुखर्क जलेश्वरी वडा कार्यालय जाने सडक निर्माण डि.पि.आर. तयार गर्ने ।
३. सप्तेश्वर तुल्सीङटार राखा वडा कार्यालय हुदै लिदिङखोला विदेल सडक निर्माण डि.पि.आर. तयार गर्ने ।
४. चित्रे भञ्ज्याङ बाकाचोल बादेल मोदी राखा सडक निर्माण स्तरोन्नती डि.पि.आर. गर्ने ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. ४ देम्लिटार विद्युत विस्तार कार्यक्रमको लागि आबश्यक सामान खरिदको लागि समपुरक कोषबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. कृषि तथा पशु शाखाबाट पेश भई आएको कृषि तथा पशु विकास कार्यक्रम संचालन नर्म्स तथा मापदण्ड २०७६ माथि छलफल गरी सर्वसम्मत स्वीकृत गरियो ।

आ.ब. २०७६/७७ मा ऐसेलुखर्क गाउपालिका अन्तर्गत गरिने कृषि तथा पशु सेवा कार्यक्रमसंचालनका लागि तयार गरिएको नर्मस रेट तथा मापदण्ड (प्रति ईकाई)

| क्र.सं. | कार्यक्रम विवरण | ईकाई | परिमाण | दर,रु. | रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन र उत्पादकत्वमा वृद्धि | | | | | |
| १.१ | किवी पकेट बिकास कार्यक्रम | | | | | |
| | किवी बिरुवा सहयोग | सेट | १ | ३१५० | 3150 | ७५ प्रतिशत अनुदानमा |
| | ढुवानी | ल.स. | १ | ५०००० | 50000 | |
| | किवी नर्सरी स्थापना | ल.स. | १ | ५०००० | 50000 | |
| १.२ | फलफुल पकेट बिकास कार्यक्रम | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बिरुवा सहयोग (आँप, लिची) | संख्या | १४०० | १०० | 140000 | शत प्रतिशत अनुदानमा |
| | ढुवानी (प्याकेजिंग सहित) | ल.स. | १ | ४०००० | 40000 | |
| | बिरुवा सहयोग (सुन्तला, कागती) | संख्या | ३७५० | ५० | 187500 | शत प्रतिशत अनुदानमा |
| | ढुवानी (प्याकेजिंग सहित) | ल.स. | १ | १०००० | 10000 | |
| १.३ | आलु पकेट बिकास कार्यक्रम | | | | | |
| | प्रि-बेसिक सिड सहयोग (५०० दाना * ७ समुह) | दाना | ३५०० | १५ | 52500 | शत प्रतिशत अनुदानमा |
| | स्प्रेयर (न्याप्स्याक) | संख्या | ६ | २००० | 12000 | शत प्रतिशत अनुदानमा |
| १.४ | तेलहन बाली प्रवर्धन कार्यक्रम | | | | | |
| | बिउ सहयोग (तोरी) | के.जी. | २२५ | ३०० | 67500 | शत प्रतिशत अनुदानमा |
| | बिउ सहयोग (सर्सु) | के.जी. | ७५ | ३५० | 26250 | शत प्रतिशत अनुदानमा |
| | ढुवानी | ल.स. | १ | २०००० | 20000 | |
| १.५ | कोसेबाली प्रवर्धन कार्यक्रम | | | | | (प्रति समुह) |
| | मटर, सिमि, बोडी जन्य कोसेबालीको बिउ सहयोग | के.जी. | ५० | १५० | 7500 | शत प्रतिशत अनुदानमा |
| | ढुवानी | ल.स. | १ | ५०० | 500 | |
| १.६.१ | कुखुरापालन सहयोग कार्यक्रम (१० सदस्य प्रति समुह) | | | | | प्रति समुह |
| | व्यवसायिक कुखुरापालनको लागि खोर निर्माण सहयोग | संख्या | १० | ७००० | 70000 | शत प्रतिशत अनुदानमा |
| १.७.१ | बंगुरपालन सहयोग कार्यक्रम (१० सदस्य प्रति समुह) | | | | | प्रति समुह |
| | बिर सहयोग | संख्या | १ | ७००० | 7000 | शत प्रतिशत अनुदानमा |
| | नमुना खोर निर्माण | संख्या | १० | १०००० | 100000 | शत प्रतिशत अनुदानमा |
| १.8.१ | बाख्रापालन सहयोग कार्यक्रम (१० सदस्य प्रति समुह) | | | | | प्रति समुह |
| | बोका सहयोग | संख्या | १ | १५००० | 15000 | शत प्रतिशत अनुदानमा |
| | नमुना खोर निर्माण | संख्या | १० | १०००० | 100000 | शत प्रतिशत अनुदानमा |
| १.8.३ | नश्ल सुधारको लागि क्रस बोयर बोका सहयोग 50-७५% (ढुवानी सहित) | संख्या | १ | १५०००० | 150000 | शत प्रतिशत अनुदानमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१० | घाँसेबालि प्रवर्धन कार्यक्रम | | | | | |
| | भुइँघाँस तथा डाले घाँस सहयोग | ल.स. | १ | १००००० | 100000 | शत प्रतिशत अनुदानमा |
| १.१२ | चौरी संरक्षण कार्यक्रम | | | | | |
| | याक सहयोग | संख्या | १ | १५०००० | 150000 | शत प्रतिशत अनुदानमा |
| १.१३ | भेडा प्रवर्धन कार्यक्रम | | | | | |
| | गोठ तथा गोठाला व्यवस्थापन एवं परजीवी नियन्त्रण | ल.स. | १ | ५०००० | 50000 | शत प्रतिशत अनुदानमा |
| १.१४ | माछापालन प्रवर्धन कार्यक्रम | ल.स. | १ | १००००० | 100000 | शत प्रतिशत अनुदानमा |
| १.१५ | कफी प्रवर्धन कार्यक्रम | ल.स. | १ | ३००००० | 300000 | प्रस्तावनाको आधारमा |
| २.१ | बेमौसमी तरकारी खेति प्रवर्धन कार्यक्रम | | | | | |
| २.१.१ | कृषक व्यवसाय पाठशाला | पाठशाला | १ | १००००० | 100000 | |
| २.१.२ | बेमौसमी तरकारी खेतीको लागि प्लास्टिक घर प्रदर्शनी सहयोग (१२० जी एस एम, १२ मिटर * ८ मिटर) | संख्या | १ | ८००० | 8000 | ७५ प्रतिशत अनुदानमा |
| २.२ | मौरीपालन प्रवर्धन कार्यक्रम | | | | | |
| २.२.१ | आधुनिक मौरी घार प्रदर्शनी सहयोग(७५% अनुदानमा) | संख्या | १ | ४५०० | 4500 | ७५ प्रतिशत अनुदानमा |
| २.२.२ | ढुवानी | ल.स. | १ | २२५०० | 22500 | ७५ प्रतिशत अनुदानमा |
| २.४ | कृषक सम्मिलित कृषि अनुसन्धान कार्यक्रम (समस्यामा आधारित) | ल.स. | १ | १००००० | 100000 | |
| २.५ | युवा तथा बैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि तथा पशुपालनका लागि उद्यमशीलता बिकासका लागि अनुदान सहयोग गर्ने | जना | १ | ५०००० | 50000 | |
| २.६.१ | कृषि सम्बन्धि औजारहरू (जस्तैः सिकेचर, फार्म रेक/दाते , प्रूनिंग स, आरी आदि) | ल.स. | १ | १००००० | 100000 | शत प्रतिशत अनुदानमा |
| २.६.२ | पशुपालन सम्बन्धि औजारहरू (जस्तैः इलेक्ट्रिक मदानी, चाफ कटर, फिडर, ड्रिंकर आदि) | ल.स. | १ | ५०००० | 50000 | शत प्रतिशत अनुदानमा |
| २.७ | ट्रेभिस निर्माण | संख्या | १ | ५०००० | 50000 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.९ | स्थानीय कृषि स्रोत व्यक्तिको परिचालन | दिन | | १ | १००० | 1000 | |

संचालन सम्बन्धि खर्च
नर्मस

| क.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | गाउपालिका स्तरीय | वडा स्तरीय | स्थलगत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्रोत व्यक्ति / सहजकर्ता | सेसन | १ | १५०० | १५०० | १००० | |
| २ | कार्यपत्र | | | १००० | १००० | १००० | |
| ३ | सहभागी | दिन | १ | १५०० | ५०० | ० | |
| ४ | सहयोगी | दिन | १ | ५०० | ५०० | ५०० | |
| ५ | स्टेसनरी | जना | १ | १५० | १०० | १०० | |
| ६ | खाजा | जना | १ | २०० | २०० | २०० | |
| ७ | तालिम सामाग्री (मार्कर, फोटोकपी, मेटाकार्ड, मास्किंग टेप आदि ) | कार्यक्रम | १ | १००० | १००० | १००० | |
| ८ | प्रतिवेदन तयार | कार्यक्रम | १ | १५०० | १५०० | १५०० | |
| ९ | विविध (ब्यानर आदि) | कार्यक्रम | १ | १००० | १००० | १००० | |

**२०७६ साल फागुन २७ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कृषि सेवा तफृबाट विनियोजन भएको बजेट ७४ हजार र यस गा.पा. को कार्यक्रमको रु. १ लाख मध्ये प्रयास नेपालबाट संचालित मौरीपालन साझेदारी कार्यक्रममा खर्च भई बाँकी रहेको रकमबाट पुन : मौरीपालन तालीम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिका भित्र शिसा जन्य मदिरा रोक लगाउने र त्यस्ता सामाग्री आयत निर्यातमा रोक लगाउने निर्णय गरियो उक्त सामाग्री ( मदिरा शिसामा प्याक गरिएका) २०७७ बैशाष १ गते देखि आयत निर्यात, बेच विखन र उपभोगमा समेत रोक लगाउने निणर्य सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिका र अन्तर्गतका कार्यालय वा आयोजनाहरुबाट संचालन गरिने सबै कार्यक्रम सभा समारोहमा खादा र व्याज आजैका मितिबाट प्रयोग नगर्ने नगराउने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ऐसेलुखर्क गा.पा. मा विज्ञ समूह, सरोकारवाला, समूह, शिक्षा प्रेमी, समाजसेवी समेतबाट शिक्षा ऐनको मसयौदा माथि दफाबार छलफल गरी पेश भएकोले उक्त ऐन मस्यौदा स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आवधिक योजना विज्ञ सरोकारवाला व्यक्ति, शिक्षक, बुद्धिजिवी समेतको विषयगत रुपमा दफाबार छलफल गरी तयार गरिएको मर्स्यौदा पेश भएकोले उक्त आवधिक योजना स्वीकृत गरी सभामा पेश गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क प्राथमिक स्वास्थ्य केन्द्र मार्फत संचालन गर्ने गरी ऐसेलुखर्क गाउँपालिका निवासी जनतामा स्वास्थ्य विमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो । उक्त विमा कार्यक्रम सचालन गर्नको लागि आवश्यक पर्ने रकम रु. २ लाख आवश्यक पर्ने भनि माग भएकोले स्वास्थ्य तर्फ फर्निचर शिर्षकमा विनियोजन भएको रु. १ लाख र कला धर्म संसकृती शिर्षकको बजेटबाट रु. १ लाख गरी जम्मा रु. २ लाख प्राथमिक स्वास्थ्य व्यवस्थापन समितिलाई पछि फिर्ता गर्ने गरी भुक्तानी दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल ऐसेलुखर्क गाउँपालिकाबाट २०७६ श्रावण १ गते देखि हाल सम्मका बैठकमा भएका निर्णयहरु २०७६/११/२९ मा संचालन हुने सभामा पेश गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाबाट भएका निर्णय आयोजनाहरुको शिर्षक परिवर्तन तथा बजेट रकमान्तर र सम्बन्धी तपशिलका शिर्षक र बजेट रकामान्तरलाई पारित गरी अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

८.१ ऐसेलुखर्क गा.पा. वडा नं. २ मा बुर्के विसक्याम्प सडक निर्माण गर्ने योजना छनौट भएकोमा सो सडक निर्माणमा विवाद आएकोले उक्त आयोजनाको नाम बादेल विस्खाम सडक नाम परिवर्तन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ७ माक्पा रावातावा दोभान पक्की पुल आसपासमा रहेको सार्वजनिक जग्गा व्यक्तिले अनियमित अबैध तरिकाले भोग गरेको पाईएकोले उक्त जग्गा व्यक्तिबाट छुट्याई सार्वजनिक जग्गा संरक्षण गर्ने सो संरक्षणको लागि जिल्ला प्रशासन कार्यालय र माल पोत कार्यालयलाई जानकारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गा.पा. मा पेश भएका तपसीलमा उल्लेखित माग अनुसार निम्नानुसार शिर्षकबाट निम्नानुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

(क) दिप्रुङ चुईचुम्मा गा.पा. गएका महिला भलिवल खेलाडिको लागि रु. ४० हजार लक्षित वर्ग विकास महिला शिर्षकबाट ।

(ख) ऐसेलुखर्क गा.पा. ३ शिव पार्वती मन्दिर छाना निर्माण रु. ११ हजार कला धर्म संस्कृति शिर्षकबाट ।

(ग) ईलाका वन कार्यालयको भवन निर्माण स्थल जाने बाटो निर्माण गर्न रु. ४५ हजार संस्थागत विकास कार्यक्रमबाट काम गर्ने गराउने व्यक्तिलाई सोझै भुक्तानी दिने ।

(घ) बाक्सिला रनिङ गोल्डकप रुं ३० हजार गा.पा. विषयगत कार्यक्रमको विविध शिर्षकबाट ।

(ङ) थुलुङ राईको भाष उत थानको लागि रु. ५० हजार वडा नं. ४ र वडा नं. ५ वको लागि रु. ५० हजार गरी रु. १ लाख लक्षित वर्गको जनजा ति शिर्षक बाट दिने साथै

नाछिरिङ राई भाष उत्थानको लागि रु. ५० हजार जनजाति शिर्षकबाट नै दिने वडा नं. १ को लागि ।

(च) माक्पा स्वास्थ्य चौकी भवन निर्माण स्थल जानेबाटो र घडेरी सम्याउने कामको लागि रु. २ लाख मात्र ल.ई. र मूल्याङ्कनको आधारमा खर्च गर्ने गरी युवा स्वरोजगवार कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. अन्तर्गत संचालित सार्वजनिक विदालयमा कार्यरत महिला शिक्षक प्रशुति विदामा रहेको अवस्थामा र दिर्घरोग लागि लामो समय उपचारमा रहनु परेको अ वस्थामा बैकल्पिक (मौजुदा शिक्षक) व्यबस्थापन गर्न गाउँपालिका स्तरको विषयगत क्षेत्र (शिक्षा) शिर्षकको बजेट रकमबाट रु. ४ लाख मात्र कोष खडा गरी खर्च गर्ने निर्णय गरियो । साथै मा.शि. तहको लागि रु. २५ हजार नि.मा.शि. तहको लागि रु. १८ हजार र प्रा.शि. तहको लागि रु. १५ हजारका दरले पारीिमिक दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ४ डेम्लिटार पेल्ट्रिक सेट विद्युत विस्तारको लागि ल.ई. गर्न प्राविधिक नम्स स्पष्ट नभएकोले सम्बन्धीत विकेताबाट पेश भएको कोटेशन विल भरपाईको आधारमा सम्झौता गरी जम्मा रु. ल.ई. अनुसार नै भुक्तानी समपुरक कोषबाट भुक्तानीदिने साथै हाल पेश्की स्वरुप रु. २ लाख ५० हजार मात्र दिने निर्ण सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गा.पा. न्यायिक समितिबाट पेश भएको न्यायिक समिति मेलमिलाप कार्य संचालन कार्यविधि २०७६ दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

निर्णय नं. १४ माथि छलफल गर्दा जलेश्वरी डेम्लिटार देलवाय डाँडा सडक निर्माणको लागि पूर्व निर्माण भएको उपभोक्ता समितिबाट नै कार्यान्वयन गर्ने गरी खानेपानी डि.पि.आर शिर्षकबाट रु. ५० हजार निकासा दिने निर्णय गरियो ।

**२०७६ साल चैत्र ०३ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. को गाऊ सभाबाट ईन्धन र सवारी साधनको मर्मत शिर्षकमा विनियोजन भएको रकम खर्च भई सकेकोले उक्त बजेट शिर्षकको लागि ईन्धनमा चालु तर्फको विविध खर्च शिर्षकबाट रु ५,००,०००।- र सवारी साधन मर्मतको लागि सेवा परामर्श शिर्षकबाट रु ५,००,०००।- खर्च गर्ने गरी वैठकबाट सर्वसम्मत स्वीकृत तथा निर्णय पारीत गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा ऐसेलुखर्च गा.पा. पशु स्वास्थ्य सेवा शाखाबाट पेश भएको सुधारिएको वा उन्नत बोका खरिद, उपयोग तथा व्यवस्थापन कार्यविधि २०७६ दफावार छलफल गरी सर्वसम्मत स्वीकृत गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकाको लागि पेश गरिएका कार्यक्रमहरुमा मन्त्रालयबाट प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु १८,१०,०००।- वजेट निकासा भएकोमा निम्नानुसार आयोजनामा निम्नानुसार रकम खर्च गर्ने निर्णय गरियो । आयोजना व्यवस्थापनको लागी रु ३,००,०००।- गा.पा. मा राखी कार्यान्वयन गर्ने र बाँकी आयोजनालाई विनियोजन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

१. वडा नं. १, नेवारगाउँ पहिरो रोकथाम रु ३,००,०००।-
२. वडा नं. २, जरबुटे सिरुडाँडा सिचाई रु २,००,०००।-
३. वडा नं. ३, ऐसेलुखर्क आहालडाडा सडक मर्मत रु २,००,०००।-
४. वडा नं. ४, जलेश्वरी ऐसेलुखर्क दिब्दी तारजाली रु २,००,०००।-
५. वडा नं. ५, अधेरीखोला तारजाली रु २,००,०००।-
६. वडा नं. ६, मंहकला प्रा.वि. सपोर्टीङ वाल रु २,००,०००।-
७. वडा नं. ७, सपनेश्वर महादेस्थान पैदल मार्ग रु ९०,०००।-
८. वडा नं. ७, कालीका देवी मन्दिर घेरावार रु ९०,०००।-
९. वडा नं. ७, माक्पा मा.वि. छेउ वाढी नियन्त्रण रु २०,०००।-

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. शिक्षा शाखाबाट पेश भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका परियोजना संचालनको लागि निम्नानुसारका

विद्यालयहरुबाट माग भएकोले निम्नानुसार परियोजना संचालनको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरमा सिफारिश गर्ने निर्णय गरियो ।

| विद्यालयको नाम | परियोजना |
|---|---|
| १. श्री माक्पा मा.वि. माक्पा | विज्ञान प्रयोगशाला |
| २. श्री शिशु मा.वि. महेश्वरी | विज्ञान प्रयोगशाला र इन्टरनेट |
| ३. श्री त्रिभुवन मा.वि. ऐसेलुखर्क | खेल मैदान निर्माण |
| ४. श्री कालिका मा.वि. वाकाचोल | विज्ञान प्रयोगशाला |
| ५. श्री कालीका वालविकास मा.वि. राखा | विज्ञान प्रयोगशाला |
| ६. श्री शान्तोदय मा.वि. ज्यामिरे | पुस्तकालय |
| ७. श्री राष्ट्रिय प्रजातन्त्र आ.वि. ऐसेलुखर्क | प्लाष्टर, रंग रोगन |
| ८. श्री जालपा मा.वि. वाकाचोल | घेराबार निर्माण |
| ९. श्री कालीका आ.वि. बाकाचोल | खेल मैदान |

**प्रस्ताव नं. ५** मागि छलफल गर्दा मिति २०७६/०८/१९ को निर्णयमा ल्याव असिष्टेण्टको २४ घण्टे थप सुविधा १२,०००।- दिने भनी निर्णय भएकोमा उक्त निर्णय सशोधन गरी २०७६ साल चैत्र १ गते देखी लागु हुने गरी रु ६,०००।- मात्र दिने निर्णय गरियो ।

**२०७६ साल चैत्र २३ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तरगतका १ देखी ७ सम्मका वडाहरुमा रहेका कोभिड-१९ बाट प्रभावित अति विपन्न, दैनिक ज्यालादारी गरि निर्वाह गर्ने, विपन्न र ७५ वर्ष माथिका संरक्षक विहिन नागरिकहरुलाई वडागत रुपमा पेश भएको विवरण अनुसार निम्नानुसारको राहत वितरण गर्ने निर्णय गरियो ।

वडा नं. १, जम्मा घर परिवार संख्या ४१ + ४

वडा नं. २, जम्मा घर परिवार संख्या १२५

वडा नं. ३, जम्मा घर परिवार संख्या १२७

वडा नं. ४, जम्मा घर परिवार संख्या ५५

वडा नं. ५, जम्मा घर परिवार संख्या ३० + १

वडा नं. ६, जम्मा घर परिवार संख्या ७१ + २

वडा नं. ७, जम्मा घर परिवार संख्या १०८

जम्मा ५६४

विपद व्यावस्थापन राहत प्याकेज सम्बन्धमा पेश भएको विवरण अनुसार प्रति परिवार निम्नानुसार प्याकेज तयार गर्ने निर्णय गरियो ।

चामल प्रति परिवार १५ (पन्ध्र) के.जी.

नुन प्रति परिवार २ (दुई) के.जी.

उक्त राहत सामाग्री वडाध्यक्षको संयोजकत्वमा वडा सदस्य र प्रहरी समेतको रोहवरमा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकामा स्थापना गरिएको विपद व्यवस्थापन कोष बाट नै कोभिड-१९ बाट प्रभावित भएका व्यक्तिहरुलाई राहत उपलब्ध गराउने कार्यको लागि गा.पा. विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो । उक्त

कोषबाट खर्च गर्न रकम नपुग हुने भएकोले निम्नानुसार खर्च शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| २.१ | लक्षित वर्ग कार्यक्रम (बालबालिका) | ४,००,०००।- |
| २.२ | लक्षित वर्ग दलित बाट | ३,५०,०००।- |
| २.३ | लक्षित वर्ग महिला बाट | ३,००,०००।- |
| २.४ | प्रधानमन्त्री स्वरोजगार बाट | ५,००,०००।- |
| | जम्मा | १५,५०,०००।- |

ऐसेलुखर्क गाउँपालिका र गाउसभा सदस्य समेत निर्वाचित सवै जनप्रतिनिधि ज्यूहरुको १५ दिनको सेवा सुविधा वापत हुन आउने रकम गा.पा. को विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरस कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागी निम्नानुसारको वडा समिति गठन गरि तुरुन्त रोकथामका कार्य गर्ने गराउने निर्णय गरियो ।

| | |
|---|---|
| ३.१ संयोजक वडाध्यक्ष | १ |
| ३.२ वडा सदस्यहरु | ४ |
| ३.३ वडा सचिव | १ |
| ३.४ वडा स्वास्थ्य चौकी प्रमुख | १ |

माथि उल्लेखित ७ (सात) सदस्यीय समिति गठन गरियो । उक्त समितिले तत्काल रोकथामका कार्य गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. को लागि कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागी वडा/वडामा क्वारेन्टाइन निर्माण, गा.पा. मा क्वारेन्टाइन निर्माण, प्रा.स्वा.के.मा. आइसोलेशन वार्ड निर्माण, स्वास्थ्यकर्मीको लागि प्रोटेक्सन सामाग्री खरिद गरिएको रकम रु २,३२,४०० दुई लाख बत्तिस हजार चार सय मात्र र स्वास्थ्य शाखा संयोजक रामकाजी नेपालले खरिद गरी ल्याएको PPE, I.F. Thermo meter समेतका

तपशिलमा उल्लेखित सामानको रकम रु ५,२७,५०४.५।- पाँच लाख सत्ताईस हजार पाँच सय चार पैसा पचास मात्र समेत गरी कुल ७,५९,९०४.५ सात लाख उनान्साठी हजार नौ सय चार पैसा पचास मात्र खर्च समर्थन गरी उक्त रकम विपद व्यवस्थापन कोष बाट भुक्तानी दिने निर्णय गरियो ।

कोरोना भाइरस कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि ऐसेलुखर्क गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री रामकाजी नेपाल मार्फत खरिद गरि ल्याई स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुलाई वितरण गरिएका व्यक्तिगत सुरक्षा सामाग्रीहरु

| सि.न. | सामानको नाम | एकाई | परिमाण | दर | जम्मा मु.अ.क. बाहेक | मु.अ.कर | सामानको जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | I.R. thermometer | pcs | ५ | ३०००० | १५०००० | १९५०० | १६९५०० | |
| २ | PPE set | set | १० | १६००० | १६०००० | २०८०० | १८०८०० | |
| ३ | handsenitizer 100ml | bottle | ४० | ४०० | १६००० | २०८० | १८०८० | |
| ४ | handsenitizer | bottle | ४८ | १२५० | ६०,००० | ७८०० | ६७८०० | |
| ५ | facemask | psc | ५०० | ३४ | १७,००० | २२१० | १९,२१० | |
| ६ | examination gloves + Tops | box | १० | १००० | १०००० | १३०० | ११३०० | |
| ७ | examination gloves | box | १० | १००० | १०००० | – | १०००० | |
| ८ | utility gloves | pair | ११ | १५० | १६५० | २१४.५ | १८६४.५ | |
| ९ | apron (clothes) | pcs | २० | ८५० | १७००० | – | १७००० | |
| १० | approne (suit) | psc | ५ | ३००० | १५००० | – | १५०० | |
| ११ | coveralprotection suit with hood (washable) | pcs | १० | १५०० | १५००० | १९५० | १६९५० | |
| | Total | | | | ४७१६५० | ५५८५४.५ | ५,२७,५०४.५ | |

**प्रस्तुत विषयमा प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस ऐसेलुखर्क गा.पा. मा खरिद गरिएका बोयर पाठी संख्या ३ (तिन) लाई निम्नानुसार फर्ममा वितरण गर्ने निर्णय गरियो ।

१. लेकाली कृषक समूह, ऐसेलुखर्क-२ गोटा १ (एक)

२. नमुना बाख्रा फर्म ऐसेलुखर्क-३, गोटा १ (एक)

३. सकृय कृषक समूह ऐसेलुखर्क-७, गोटा १ (एक)

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. का तपशिलमा उल्लेखित स्थानमा राहत सामग्री ढुवानी गर्दा निम्नानुसार भाडा रकम कर बाहेक भुक्तानी दिने निर्णय गरियो ।

१. ऐसेलुखर्क राखा रु ६,०००।-

२. ऐसेलुखर्क वाकाचोल रु ३,०००।-

३. ऐसेलुखर्क महेश्वरी, जलेश्वरी रु ६,०००।-

४. ऐसेलुखर्क ज्यामिरे, काभ्रे समेत रु ६,०००।-

५. ऐसेलुखर्क माक्पा रु ३,०००।-

**राहत वितरण मिति**

१. ऐसेलुखर्क वजार २४ गते ११ बजे

२. जलेश्वरी, महेश्वरी २६ गते ११ र १ बजे

३. राखा र वगाले २५ गते ८ बजे वगाले र १ बजे राखा

४. ज्यामिरे, माक्पा २७ गते ११ बजे

५. वाकाचोल २८ गते ११ बजे

**२०७७ साल बैशाख २९ गते ऐसेलुखर्क गाउँपालिकाको बैठकमा पेश भएका निर्णयहरु :**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिका अर्न्तगत आ.व. २०७६/०७७ मा संचालित योजनाहरु माथि छलफल गरियो । वडा नं. १ देखी ७ सम्मका वडाहरुमा सबै योजनाहरु सम्झौता भइ नसकी केही योजनाहरु सम्झौता गर्न बाँकी रहेको र कोरोना भाइरसका कारणले योजना फरफारकमा केहि ढिलाई भएको र सवै योजनाहरु लकडाउन खुले सरी फरफारक गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा रहेका दिर्घ रोगीहरुको नियमित सेवन गरिरहेका विरामीहरुका लागी सम्पूर्ण वडाहरुबाट तथ्याङ्क संकलन गरी खरीद गरिएको औषधी बिल भरपाई अनुसार रु ६१,२०३.७५ (अक्षरुपी एकसट्ठी हजार दुइसय तीन रुपैया पचहत्तर पैसा) विपत व्यवस्थापन कोष बाट भुक्तानी दिने गरी सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्न विश्व व्यापी रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड-१९ को संक्रमण लाई रोकथाम नियन्त्रण तथा सजकता अपनाउनका लागि अन्य जिल्ला वा स्थानीय निकायबाट आउने मानिसहरुको पहिचान गर्ने, सचेतनामुलक काकार्यक्रम संचालन गर्न लगायत यसबाट बच्नको लागी विगतका कामहरुलाई निरन्तरता दिने निर्णय पारित गरियो ।

**प्रस्तान नं. ४** माथि छलफल गर्न कृषीको सर्शत अनुदान तपशिल बमोजिम विनियोजन गर्ने सर्वसर्मत निर्णय पारित गरियो ।

**तपशिल :**

**१. भकारो सुधार - २५ हजार**

- ✓ अर्जुन राई वडा नं. १
- ✓ केशव निरौला वडा नं. ७
- ✓ पूर्णमाया राई वडा नं. ७
- ✓ तिर्थ बहादुर वन वडा नं. ३
- ✓ कालिनाथ पराजुली वडा नं. २
- ✓ चिरन राई वडा नं. ३
- ✓ चिरञ्जिवी अधिकारी वडा नं. ४

- ✓ चोलेन्द्र घिमिरे वडा नं. ४
- ✓ केशर बहादुर पुरी वडा नं. २
- ✓ प्रेम कुमारी तामाङ वडा नं. ३
- ✓ अम्बर बहादुर भुजेल वडा नं. ६
- ✓ बिर्ख बहादुर बस्नेत वडा नं. ३

२. प्लाष्टिक टनेला (६ हजार)

- ✓ योगेश्वर राई वडा नं. २
- ✓ हरी प्रवेश राई वडा नं. २
- ✓ रामचन्द्र भुजेल वडा नं. ३
- ✓ जै कुमारी तामाङ वडा नं. ३ (थान २)
- ✓ शान्ती माया राई वडा नं. ४
- ✓ राम बहादुर निरौला वडा नं. ७
- ✓ तारामणी राई वडा नं. ७
- ✓ राधीका राई वडा नं. ७
- ✓ चन्द्र बहादुर बि.क. वडा नं. ६
- ✓ गजेन्द्र के.सी्‌ वडा नं. ६
- ✓ तुलसा देवी वन वडा नं. ३
- ✓ राम बहादुर बस्नेत वडा नं. ३
- ✓ इन्द्रा के.सी. वडा नं. ६

**३. साना सिचाई (१ लाख)**

- ✓ पोखरी तथा पाइप सिचाई - १ नं. वडा
- ✓ दीर्खु खोला पाइप सिचाई - २ नं. वडा
- ✓ धोवी खोला पाइप सिचाई - ३ नं. वडा
- ✓ ओखर बोटे पाइप सिचाई - ६ नं. वडा
- ✓ लामिसोती कुलो मर्मत ऐसेलुखर्क- ७ नं. वडा

**४. औजार वितरण - ४७ जना कृषक लाई**

**५. कोसेवाली - १० जना कृषकलाई**

**निर्णय नं. ५** माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा संचालन भइरहेको चौवीसै घण्टे इमर्जेन्सी तथा चौविसे घण्टे ल्याव, बर्थिङ सेवामा कार्यरत कर्मचारीहरुलाई सार्वजनिक विदाका दिन काम गरेवापत नेपाल सरकारको नियम अनुसारको १ दिन बराबरको तलव भत्ता बमोजिमको रकम तपशिल बमोजिम उपलब्ध गराउने सर्वसर्मत निर्णय पारित गरीयो ।

**तपशिल :**

- ✓ (डा.) मेडिकल अधिकृत - १
- ✓ ल्याव - १
- ✓ प्यारामपाडिक्स - २
- ✓ नर्सिङ्ग - २
- ✓ का.स. - १

**निर्णय नं. ६** माथि छलफल गर्दा जनजाति शिर्षक अन्तर्गत विनियोजित रकम तपशिल बमोजिम वितरण/विनियोजित गर्ने सर्वसर्मत निर्णय पारित गरियो ।

- ✓ वडा नं. १, नाछिरिङ्ग भाषा संरक्षण रु ५० हजार
- ✓ वडा नं. २, ५० हजार
- ✓ वडा नं. ३, ५० हजार
- ✓ वडा नं. ४,५,६ थुलुङ राई भाषा पाठ्यकम तथा पाठ्यपुस्तक प्रकाशन रु १ लाख ५० हजार
- ✓ वडा नं. ७, थानीकुल मर्मत रु ५० हजार

**मिति २०७७ साल जेठ १२ गते सोमबारका दिन ऐसेलुखर्क गाउँ कार्यापालिका बैठकका निर्णयहरु**

**निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा कोभिड-१९, विपद व्यवस्थापन, संक्रमण रोकथाम तथा नियन्त्रणको लागि, क्वारेन्टाइन निर्माण, स्यानिटाइजर, पि.पि.ई. सेट, माक्स, विपन्न दिर्घरोगी लाई औषधि वितरण, राहत खाद्यान्न वितरण, निरीक्षण अनुगमन तथा निरीक्षणका कार्य भएको हालसम्म उक्त कोषमा रु २२,६४,०००।- आम्दानी भएको, कुल खर्च १३,२४,८८०।- खर्च भई सकेको र आगामी दिनमा काठमाण्डौमा रहेको गरिब, विपन्न ज्यालादारी गरि बसेका व्यक्तिहरु र विरामीहरुलाई तत्कालको लागि राहत वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा काठमाण्डौ उपत्यका भित्र बसोबास गरिरहेका विद्यार्थिहरु, दैनिक ज्यालादारी गरी जीवन यापन गरिरहेका विपन्न नागरिक, उपचारको क्रममा काठमाण्डौमा रहेका विरामीहरको विवरण २०७७ साल जेष्ठ १५ गते कार्यालय समय भित्र विवरण स्पष्ट किटान गरी फरक नपर्ने गरी वडामा पेश गर्ने र उक्त पेश भएको विवरण अनुसार वितरण समितिबाट प्रति परिवार चामल २५ के.जी. ग्रेडिङ मनसुली, खानेतेल २ लिटर दाल २ के.जी, नुन १ के.जी. वितरण गर्ने निर्णय सर्वसम्मत पारीत गरियो. । उक्त कार्यको लागि रु २०,००,०००।- बिसलाख मात्र विपद व्यवस्थापन राहत कोषबाट रकम खर्चको विल भरपाई, प्रमाणित कागजात सहित पेश भएपछि भुक्तानी दिने निर्णय गरियो ।

**काठमाण्डौ सम्पर्क व्यक्ति वा संस्था**

वडा नं. १, पूर्ण कुमार राई सम्पर्क नं. ९८६९०४९७०७

वडा नं. २, निर कुमार तामाङ सम्पर्क नं. ९८४२२८४७९६

वडा नं. ३, नेवा सा.गुठी, हेमन्त श्रेष्ठ सम्पर्क नं. ९८५११२१२१७

वडा नं. ४, हेम कुमार राई सम्पर्क नं. ९८४१३१५६२६

वडा नं. ५, बद्रि कुमार राई (सन्तोष) सम्पर्क नं. ९८१८२२४९५७

वडा नं. ६, गीरन राई सम्पर्क नं. ९८४१५९७७३३

वडा नं. ७, गुणराज निरौला सम्पर्क नं. ९८६३९७५१७२

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. कोभिड-१९ विपद व्यवस्थापनमा तपशिलमा उल्लेखित आयोजनाको रकम रकमान्तर गरी श्रोत जम्मा गर्ने र राहत तथा रोग नियन्त्रणमा निर्णय अनुसार खर्च गर्ने निर्णय गरियो ।

| **साविक आयोजना** | **विपद कोषमा जम्मा हुने** |
|---|---|
| १. गा.पा. संस्थागत विकास बाट | रु १,५५,०००।- |
| २. वन वातावरण बाट | रु ३,००,०००।- |
| ३. धर्म कला संस्कृतिबाट | रु ६,००,०००।- |
| ४. खेलकुद विकास बाट | रु ४,००,०००।- |
| ५. सुरक्षित वैदेशिक रोजगार बाट | रु १,००,०००।- |
| ६. सेवा परामर्श बाट | रु १०,००,०००।- |
| जम्मा | रु २५,५५,०००।- |

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. न्यायिक समितिबाट पेश भएको मेलमिलाप कार्य संचालन कार्यविधि २०७७ माथि छलफल गरी सर्वसम्मत स्वीकृत गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा, आयोजना संचालन गर्दा क्षति हुन गएका तपशिलका आयोजनाको लागि निम्नानुसारको रकम विद्युत प्राधिकरण दिक्तेलबाट सोधभर्ना प्राप्त भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

१. हंडरखोला सिचाई कुलो माक्पा-७, तेज प्र. भण्डारी - १०,०००।-
२. बन्चरे खोला मुहान संभना सिचाई -७, डाक बहादुर राई - १५,०००।-
३. पखेरे सिचाई ऐसेलुखर्क - ७, मणिकुमार राई - १०,०००।-
४. भुतेखोला कुलो मर्मत वडा नं. ३, उद्धव तिवारी - १५,०००।-
५. हडखोला भण्डारीगाउँ कुलो मर्मत - ७, तुलसी भण्डारी - २०,०००।-
६. बन्चरेखोला लेवा सिचाई - ७, कृष्ण बहादुर निरौला - १०,०००।-
७. गंगुरखोला राखा सिचाई कुलो वडा नं. १, सिद्ध बहादुर राई- २०,०००।-
८. वास्काम पारा कुलो मर्मत वडा नं. २, रमेश राई - २०,०००।-
९. तिम्सीना कुलपाईप वडा नं. ६, गुणराज भुजेल - १०,०००।-

१०. बन्चरे खोला सरकारी कुलो मर्मत भोज विक्रम निरौला १२० Mm ४० मिटर पाईप

११. सिस्नेरी कुलो मर्मत ज्यामिरे-७, १२० Mm ३० मिटर पाईप

१२. डेम्लीटार विद्युत विस्तार १२० Mm १२० मिटर पाईपको जम्मा रु ७९,२००।- हरेराम ट्रेडिङ स्टोरलाई भुक्तानी दिने निर्णय गरियो ।

१३. मशुखोला लसीफार सि. कुलो ११० Mm ५० मिटर पाईप दिने ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको सामान खरिदको लागि विनियोजन गरिएको रु ३,००,०००।- रकम मध्येबाट निम्न अनुसारका आयोजना संचालन गर्ने निर्णय गरियो ।

१. राखा स्याम राईको घर पहिरो रोकथाम नियन्त्रण रु ४०,०००।-
२. कालीका बालविकास मा.वि. चर्पी मर्मत रु २०,०००।-
३. पातेल देविथान नजिक सडक सोलिङ रु २,१५,०००।-
४. माक्पा रावाखोला सडक मर्मत रु २५,०००।-

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. मा हाल भाचिएर आउने विरामीहरुलाई प्लाष्टर र राचर लगायतका सामान प्रा.स्वा.केन्द्र मा उपलब्ध गराउने र विरामी लाई निशुल्क सेवा प्रदान गर्ने, उक्त रकम औषधी खरिदमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा कृषि सेवा तर्फ स्वीकृत सर्सत तर्फको निम्न अनुसारको शिर्षकको रकम फौजी किरा नियन्त्रण तथा रोकथाम गर्न विषादी खरिद तथा छिट्ने कार्य गर्ने निर्णय गरियो ।

**तपशिल**

१. किवि पकेटका कृषक क्षमता अभिबृद्धि तालीम रु ५१,५००।-
२. गा.पा. स्तरीय व्यवस्थापन संचालन तालीम रु ७१,५०००।-
३. आधुनिक मौरीपालन क्षमता अभिबृद्धि तालीम रु ७४,०००।-
४. मर्मत सम्भार जल उपभोग नीति निर्माण सहजिकरण रु ४०,०००।-
५. नर्म्स दर रेट निर्माण रु १०,०००।-
६. कार्यविधि तथा छलफल रु ५०,०००।-

७. पालिका स्तरीय पदाधिकारी क्षमता बृद्धि तालिम रु ३०,०००।-

जम्मा रु ३,२७,३००।-

**प्रस्ताव नं. ९** माथि छलफल गर्दा धुलाम्मे कक्षा व्यवस्थापन सम्बन्धमा बाँकी ३ कोठा मध्ये कालीका मा.वि. बाकाचोलमा निर्माण गर्ने (कोठा-३) निर्णय सर्वसम्मत पारीत गरियो ।

**मिति २०७७ साल जेठ २१ गते बुधबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क बजारमा रहेको हाट बजार ट्रष्ट निर्माणमा प्रदेश सरकारबाट प्राप्त अनुदान बाट ठेक्का लगानी सम्झौता भई सकेकोले बाँकी रहन गएको रकम रु १३,८५,३११.७३ मात्र ठेक्का सम्झौतामा उल्लेख भएको दर रेट अनुसार नै ल.ई. अनुसार रुजन एण्ड नाछिरिङ जे.भी. कम्पनी लाई ट्रष्ट निर्माण गर्न दिन निर्णय सर्व सम्मत पारीत गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. को आ.व. ०७६/०७७ को लागी विनियोजित बजेटमा राजश्व बाँडफाँड (सघीय सरकार तर्फ) रु ६,०६,००,०००।- र प्रदेश सरकार बाट रु ३०,००,०००।- भएको तर २०७७ साल चैत्र मसान्त सम्म सघीय सरकारबाट रु ३,१९,०९,४१६.३० र प्रदेश सरकारबाट रु १२,४४,०२८.८० मात्र निकासा भएको र कोभिड-१९ को कारण भएको लकडाउनको कारण थप रकम निकासा आउने सम्भावना कम रहेको र चालु खर्च तर्फका खर्च गर्ने रकम नभएकोले आन्तरिक श्रोत बाट खर्च गर्ने गरी विनियोजन भएका कार्यक्रमहरु मध्येबाट मिति २०७७/२/२१ सम्म खर्च गरी बाँकी रहेको रकम रु ९०,३६,०००। नब्बे लाख छत्तिस हजार मात्र संचित कोष बाट चालु खर्च शिर्षकका तपशिलका कार्यक्रममा खर्च गर्ने गराउने निर्णय गरियो । साथै आन्तरिक श्रोतबाट विनियोजित भएका बाँकी कार्यक्रम नगर्ने निर्णय गरियो ।

**मिति २०७७ साल जेठ २९ गते बिहीबारका दिन ऐसेलुखर्क गाउँकार्यपालिकाको निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.मा आ.व. ०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निम्न अनुसार आयोजना कार्यान्वयन गर्ने गरी वडा कार्यालयबाट वैठकले निर्णय गरी छनौट योजना २०७७ अनुसार ७ गते भित्र पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. कृषि सेवा तर्फ साविक विनियोजन वजेट रकम र वजेट शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. सामुदायिक विद्यालयहरुका प्र.अ. हरुको बैठकको निर्णय, मिति २०७७/२/२८ गते भएको छलफल तथा निर्णय अनुसार सामुदायिक विद्यालय मा कार्यरत शिक्षकहरुको सुरु तलब स्केलको ५ दिनको तलब कट्टा गरी गा.पा. कोरोना विपद कोषमा दाखिला गर्ने निर्णय सर्वसम्मत पारीत गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. बाट काठमाण्डौ उपत्यकामा रहेका विपन्न नागरिक, ज्यालादारी विरामीलाई राहत वितरण गर्दा लागेको व्यवस्थापन खर्च निम्न अनुसार भुक्तानी दिने निर्णय गरियो ।

वडा नं. १, पूर्ण कुमार राई  रु २०,०००।-

वडा नं. ४, हेम कुमार राई रु २०,०००।-

वडा नं. ५ र ६ गुणराज निरौला रु २०,०००।-

उक्त रकम कोरोना कोषबाट भुक्तानी दिने ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. अन्तर्गत तपशिलमा उल्लेखित व्यक्तिहको जनता आवास कार्यक्रम अन्तर्गत तपशिल उल्लेखित घर निर्माण सम्पन्न भएको वडा कार्यालयबाट सिफारिस भई आएकोले सम्पन्नको सिफारिस भवन तथा आवास कार्यालय, ओखलढुङ्गामा पठाउने निर्णय गरियो ।

१. दिल बहादुर विश्वकर्मा, ऐसेलुखर्क-१ राखा
२. धन बहादुर भट्टराई, ऐसेलुखर्क-१ राखा
३. ईश्वर भुजेल, ऐसेलुखर्क-३ ऐसेलुखर्क
४. भाईकाजी राजभण्डारी, ऐसेलुखर्क-३ ऐसेलुखर्क

५. दिले तामाङ, ऐसेलुखर्क-४ जलेश्वरी
६. चन्द्र बहादुर राई, ऐसेलुखर्क-४ जलेश्वरी
७. तुलाराम कामी, ऐसेलुखर्क-५, महेश्वरी
८. मनोज राई, ऐसेलुखर्क-६, ज्यामिरे
९. दिल बहादुर विश्वकर्मा, ऐसेलुखर्क-७ माक्पा
१०. दिल कुमार वि.क., ऐसेलुखर्क-७ माक्पा

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा आ.व. ०७७/०७८ को वार्षिक नीति, कार्यक्रम, बजेट तथा कार्यक्रम निम्नानुसार छलफल तथा कार्यतालिका अनुसार गरियो ।

२०७७/२/३० गते राजश्व परामर्श समितिको वैठक बस्ने

२०७७/३/३ गते भित्र विषयगत समितिको वैठक बसी प्रति वेदन पेश गर्ने ।

२०७७/३/५ गते श्रोत अनुमान समिति बैठक र वडागत वजेट सिलिङ दिने ।

२०७७/३/९ गते नीति तथा कार्यक्रम पेश र बजेट तर्जुमा ।

२०७७/३/१० बजेट पेश गर्ने । (सभामा)

२०७७/३/२० गते वडाबाट वजेट तथा कार्यक्रम तयार गरी पेश गर्ने ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा वडा नं. ४ जलेश्वरीको छुट १४ घर परिवारलाई राहत वितरण गरेको प्रति परिवार रु २,०००।- का दरले रु २८,०००।- हेम कुमार राईलाई भुक्तानी दिने निर्णय गरियो । (विपद कोष)

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा २०७७/२/२६ गतेको अविरल वर्षाको कारण सडक क्षति भएकोले उक्त सडक मर्मतको लागी विपद कोषबाट रु १०,०००।- मात्र कार्य सञ्चालन गराई भुक्तानी दिने निर्णय गरियो । (ऐसेलुखर्क-माक्पा सडक मर्मत)

**प्रस्ताव नं. ९** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. MIS फिल्ड सहायक सन्तोष घिमिरेको २०७६ कार्तिक ४ देखी ३० गते सम्मको छुट तलव परामर्श सेवा वाट रु २३,९४९।- भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०** माथि छलफल गर्दा ऐसेलुखर्क-७, को संगरा कात्तिके नोरुङ पाईप सिचाई कार्यक्रम संचालनको लागी कुल बहादुर राई लाई रु ४०,०००।- मात्र आयोजना विविध खर्च शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**मिति २०७७ साल असार ०५ गते शुक्रबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क हाट बजार ट्रष्ट निर्माण ठेक्का लगाई वचत रहेको रकम रु १३,८५,३११।- बाट सोही स्थानमा प्राविधिक लगत इष्टिमेट गरी पक्की पिलर राखी ढलान गर्ने गरी बजार स्थल निर्माण गर्ने र सो कार्य नाछिरिङ कन्ट्रक्सनलाई निर्माण गर्न दिने निर्णय गरियो । मिति ०७७/२/२ज्ञ को ट्रष्ट निर्माणको निर्णय यसै अनुसार मिति २०७७/३/५ को  निर्णयले संशोधन गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा राजश्व परामर्श समितिले मिति २०७७/२/३० गतेको निर्णयले पेश गरेको राजश्व परामर्श समितिले पेश गरेको आ.व. ०७७/०७८ को राजश्व परामर्शको प्रतिवेदन स्वीकृत गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा वडा नं. २ स्थीत रमना प्रा.वि. विद्यालय र कालीका आधारभुत विद्यालय वाकाचोलले वि.व्या.स. निर्णय, सहित समायोजनको लागि माग गरेकोले कालिका आ.वि. बाकाचोलको कक्षा ६ र ७ लाई कालिका मा.वि. बाकाचोलमा र रमना प्रा.वि. को कक्षा ४ र ५ लाई जालपा मा.वि. बादेलमा समायोजन गर्ने निर्णय पारीत गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस गा.पा. बाट कोभिड-१९ को संक्रमण रोकथाम तथा नियमन्त्रणको लागि स्वास्थ्य शाखा संयोजक रामकाजी नेपालले खरिद गरी ल्याएको सामान विरुद्ध उजुरी (काला बजारी छानविनको लागी) जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा पठाएको, साथै गा.पा. को मिति २०७६/१२/२३ को निर्णयले रु ५,२७,५०४।- भुक्तानी दिने भनि भएको निर्णयमा पुनः व्यापारीलाई छानविनको दायरामा ल्याउने भने पछि व्यापारीबाट मूल्य घटाई विल भरपाई पेश भएकोले पेश भएको मूल्य अनुसार रु २,९८,५१०।- मात्र भुक्तानी दिने निर्णय सर्व सम्मत पारीत गरियो ।

आज मिति २०७७ साल असार ०८ गते सोमबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.को लागि आ.व. ०७७/०७८ को लागि तयार गरिएको नीति तथा कार्यक्रम दफावार छलफल गरी स्वीकृत गरियो । साथै उक्त नीति तथा कार्यक्रम २०७७/३/१० मा संचालन हुने सभामा पेश गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.को आर्थिक वर्ष ०७७/०७८ को बजेट तथा कार्यक्रम सभामा पेश गर्ने गरी सर्वसम्मत छनौट गरियो ।

आज मिति २०७७ साल असार ०९ गते मंगलबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यूको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**<u>निर्णयहरु</u>**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. ले आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन गर्ने गरी तपशिलमा उल्लेखित कार्यक्रम छनौट तथा बजेट व्यवस्था स्वीकृत गरी सभामा पेश गर्ने गराउने निर्णय गरियो ।

१. चालु खर्च तर्फ रु ६,२६,७६,१४०।-
२. सूचना प्रविधि कार्यक्रम तर्फ रु १७,००,०००।-
३. स्वास्थ्य सेवा तर्फ रु ५८,२७,२५०।-
४. कृषि तथा पशुसेवा तर्फ रु ८४,२८,०००।-
५. शिक्षा तथा खेलकुद विकास तर्फ रु १,०३,७८,०००।-
६. महिला विकास तर्फ रु २२,९०,०००।-